Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ३६, २०८२ साल चैत २४ गते मंगलबार (April 7, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# नीजि सञ्चारमाध्यमलाई बिज्ञापन नदिने निर्णयप्रति चौर्तफी विरोध




काठमाडौं- नेपाल सरकारले सरकारी विज्ञापनहरु सरकारी सञ्चार माध्यमहरुसँग मात्र कारोबार गर्न गरेको निर्णयलाई लिएर चौर्तफी विरोध भईरहेको छ ।

नेपाल सरकारले यहि मितिः २०८२ साल चैत्र १८ गते नेपाल सरकारका प्रधामन्त्रीको ठाडो आदेशमा नेपाल सरकार सचिवस्तरको निर्णयवाट नेपाल सरकारका सरकारी निकायहरुले बिज्ञापन गर्दा सरकारी सञ्चार माध्यम अर्थात तोकेर नै गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, रेडियो नेपाल लगायतलाई मात्र दिन निर्णय गरेको सार्वजनिक भएपछि नेपालमा नीजि लगानीमा सञ्चालित सञ्चारमाध्यमहरु संकटमा पर्ने भनेर लगानीकर्ताहरु चिन्तित भएका छन् । त्यस नीजि लगानीमा सञ्चालित सञ्चारमाध्यमा रोजगारी गरिरहेका श्रमजीवि पत्रकारहरुको रोजगारीमा समेत संकट उत्पन्न हुने भनेर श्रमजीवि पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ, साप्ताहिक प्रकाशन सम्पादक संघ, मिडिया

» बाकी ६ पृष्ठमा

## प्रधानमन्त्री शाहको प्रेस विज्ञमा दाहाल नियुक्त



काठमाडौं- प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को प्रेस तथा अनुसन्धान विज्ञ पदमा पत्रकार एवं लेखक दिपा दाहाल नियुक्त भएकी छिन् ।

प्रधानमन्त्रीको सल्लाहाकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम उक्त पदमा पत्रकार दाहाल शुक्रबार नियुक्त भएकी हुन् ।

दुई दशकभन्दा लामो समयदेखि पत्रकारिता र प्राज्ञिक क्षेत्रमा सक्रिय दाहालले शुक्रबारदेखि आफनो कार्यभार सम्हालेकी हुन् । दाहालले प्रधानमन्त्री शाहको सञ्चार रणनीति, मिडिया र अनुसन्धानमा भूमिका निर्वाह गर्नेछिन् ।

भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक न्यायको क्षेत्रमा उनको पत्रकारिताको लामो अनुभवलाई सरकारको मुलधारमा जोडन यो नियुक्ति गरिएको हो ।

दाहालसँग रेडियो, टेलिभिजन, छापा र अनलाइन विधामा २० वर्षभन्दा बढिको व्यवसायीक पत्रकारिताको अनुभव छ । उनले पछिल्लो समय उकालो डट कममा वरिष्ठ संवाददाताको रुपमा खोज पत्रकारिता गर्दै आएकी थिइन् ।

त्रिभुवन विश्वविद्यालय अर्न्तगतको पद्यमकन्या » बाकी ६ पृष्ठमा

## फेवाताल जग्गा प्रकरणमा ठगिए, अदालत जान्छु
## गृहमन्त्री सुधन गुरुङ



काठमाडौं- गृहमन्त्री सुधन गुरुङले फेवातालको जग्गामा आफू नै ठगिएको दाबी सहित न्यायका लागि अदालत जाने बताएका छन् ।

फेवातालको किनारमा 'एड्भेन्चर स्पोर्ट्स नेपाल' सुरु गर्नका लागि मन्त्री गुरुङ सहित तीन जनाले जग्गा लिजमा लिएका थिए । उक्त जग्गा फेवातालको मापदण्ड बाहिर रहेको भनेर आफूलाई झुक्याएर लिजमा दिइएको उनले बताएका छन् । फेवाताल अतिक्रमित गरिएको जग्गा » बाकी ६ पृष्ठमा

## ओली र लेखकलाई बिना शर्त रिहा गरियोस् : ऐनबहादुर महर



काठमाडौं- नेकपा एमालेका सांसद ऐनबहादुर महरले तत्काल पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वप्रधानमन्त्री रमेश लेखकलाई बिना शर्त रिहाइको माग गरेका छन् ।

सोमबार प्रतिनिधिसभा बैठकमा बोल्दै सांसद महरले प्रतिशोध र पूर्वाग्रहको राजनीति बन्द गर्दै तत्काल ओली र लेखकलाई बिना शर्त रिहाइको माग गरेका हुन् ।

उनले सरकारले गैरकानुनी र गैरन्यायीक ढङ्गले पक्राउ पूर्वप्रधानमन्त्री र पूर्व गृहमन्त्रीलाई पक्राउ गरेको आरोप लगाए ।

लोकतन्त्रमा पूर्वाग्रह र प्रतिशोधको कुनै स्थान नहुने भन्दै सांसद महरले विधि शासनको स्थापना गर्नका निमित्त सबैलाई समान खालको व्यवहार

» बाकी ६ पृष्ठमा

## संसद्मा सभामुख र सांसदहरूलाई समान कुर्सी



काठमाडौं- प्रतिनिधिसभा हलमा सभामुख र सांसदहरूलाई समान कुर्सी व्यवस्था गरिएको छ ।

विगतमा सभामुखलाई विशेष किसिमको कुर्सी थियो । यसपटक पनि सभामुखको निर्वाचन हुनु अगाडि सभामुख र सांसद्का लागि फरक-फरक किसिमका कुर्सी राखिएका थिए ।

सभामुखमा डोलप्रसाद अर्याल आएसँगै सभामुख र सांसदहरूलाई समान कुर्सीको व्यवस्था गरिएको हो ।

'सम्माननीय सभामुखले समान कुर्सीको व्यवस्थाका लागि आग्रह गर्नँभएपछि कलर मात्रै फरक गरेर सभामुख र सांसदहरूका लागि समान कुर्सीको व्यवस्था गरिएको हो,' संघीय संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीले भने ।

सोमबार बसेको प्रतिनिधिसभाको बैठकले दुई वटा फरक-फरक समिति बनाएको छ ।

२१ सदस्यीय कार्यव्यवस्था परामर्श समिति गठन गरेको छ । समितिमा अचुतम लामिछाने, अप्साना बानु, आरेन राई, केपी खनाल, कामिनी चौधरी, क्रान्तिशिखा धिताल, खुश्बु ओली, गणेशसिंह ठगुन्ना, गुरुप्रसाद बराल, गंगालक्ष्मी अवाल, तपेश्वर यादव, देवराज पाठक, नरेन्द्रकुमार केरुङ, प्रकाशचन्द्र परियार, निशा डाँगी, बोधनारायण श्रेष्ठ, मीनाकुमारी यादव, युवराज दुलाल, राजन गौतम, डा. राम लामा र विपिनकुमार » बाकी ६ पृष्ठमा

## विकासमा नीजि क्षेत्रको भूमिका ठूलो छ : अध्यक्ष ढकाल




विराटनगर- नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको समग्र विकास र रोजगारी सिर्जनामा निजी क्षेत्रको ठूलो भूमिका रहेको बताएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशको आठौँ प्रदेश सभाको विराटनगरमा उद्घाटन गर्दै अध्यक्ष ढकालले विकास र रोजगारी सृजनाका लागि निजी क्षेत्रको ठूलो भूमिका रहेको बताएका हुन् । मुलुकको कुल रोजगारीको ठूलो हिस्सा निजी क्षेत्रले ओगटेको बताउँदै उनले पछिल्लो समय निजी क्षेत्रप्रति सरकारको दृष्टिकोणमा पनि सकारात्मक भइरहेको बताए ।

अध्यक्ष ढकालले प्राकृतिक स्रोत, कृषि, पर्यटन र उद्योग क्षेत्रमा स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी आर्थिक समृद्धि ल्याउन सकिने दाबी गरे । नेपालमा लगानीको वातावरण रहेको सन्देश दिनका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताउँदै उनले सरकार र निजी क्षेत्रबीचको सहकार्यले मात्रै दिगो विकासको लक्ष्य प्राप्त हुने बताए ।

महासंघका कोशी प्रदेश अध्यक्ष राजेन्द्र राउतले निजी क्षेत्रलाई हेर्ने सरकारी र सामाजिक दृष्टिकोणले लगानीकर्ताहरू हतोत्साही हुने गरेको बताए । निजी क्षेत्र निरुत्साहित भएमा लगानी घट्ने » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३६,
२०८२ साल चैत २४ गते मंगलबार
7 APRIL 2026, TUESDAY

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय

# लोकतन्त्र जोगाउन सवै सजग बनौ ।


नेपालमा लोकतन्त्रका लागि सघर्ष गरेर सहिद हुनु भएका सहिदलाई सम्झौ, सहिद भएका परिवारको पीडालाई मनन गरौ । निरकुशता साशन हुदा भोगेका भोगाईहरूलाई सम्झौ । लोकतन्त्रमा आफुले अभिव्याक्त गरेको आफ्नो प्रतिभा देखाएर आफै स्थापित भएको गौरवलाई महसुस गरौ । आफैलाई ठिक नलागेका कुरा सामाजिक सञ्जालमा प्रयोग गरेको क्षणलाई पनि सम्झौ । आफ्नो जतिकै अधिकार अर्को मानिसको पनि हो भनेर कल्पना गरिहेरौ । हाम्रा पूर्खहरूले जानेर वा नजानेर लोकतन्त्रका लागि काल कोठरीमा काठोरपूर्ण जिवन बिताएको कल्पना गरौ । यि माथि उल्लेख गरिएका विषयहरू सम्झेर आन्दोलन गर्ने आन्दोलनकर्ता र सरकारमा रहेर काम गर्ने सरकारले विगतका ईतिहासवाट पाठ सिक्नुपर्छ र लोकतन्त्रको लागि भएका लामो सघर्ष, त्याग, तपस्या र त्यो सघर्षका त्रममा भएको बलिदानीलाई सरक्षण गर्दै आउदा दिनहरूमा त्यस्ता घटनाहरू घटन नदिई शान्तिपूर्ण राजनीतिक भेला, जुलुस, सभा वाक स्वतन्त्रद्धार अभिव्याक्त गर्न पाउने नैसर्गिक अधिकारलाई सम्मान गर्न सिक्नुपर्छ । सरकार भनेको नागरिकहरूको अविभावक हो । अविभावको कर्तव्य अरूको भन्दा निक्कै जिम्मेवार हुनुपर्छ ।

सत्तामा हुने वित्तिक्कै लहडमा साढे गोरूले हाने जसरी प्रहरी प्रशासन लागएर नागरिकमा कुटपिट, धरपकट, बन्दी बनाएर नागरिकका अधिकारलाई कुष्ठित गर्ने काम लोकतन्त्र व्यवस्था रहुनजेल गर्न मिल्दैन । लोकतान्त्रिक व्यवस्थामा आफ्ना जायज मागहरू शान्तिपूर्ण सरल ढंगवाट लिखित राख्न पाउने अधिकारलाई पहिलो खुटकिलोको रूपमा असन्तुष्ट पक्षले प्रयोग गर्नुपर्दछ । त्यसपछि पनि भएन भने शान्तिपूर्ण ढंग प्रयोग गरी धेरै भन्दा धेरै मानिसले थाहा पाउने गरी सभा, जुलुस, माईकिङ गर्न पाउने अधिकार छ । त्यसपछि पनि जायज मागहरू पुरा हुन सकेनन् भने सम्बन्धित निकायमा ध्यानकर्षण गराउन सक्नुपर्छ । त्यपछि पनि सरकारले तानाशाही जस्तै व्यवहार देखाएको खण्डमा मात्र वलपूर्वक आन्दोलन गर्नुपर्छ । गर्दा हुन्छ । यस्ता महत्वपूर्ण विधि बनाएर सञ्चालन भईरहेको देश नेपालमा हुने वेला वेलाका आन्दोलनहरू अराजकछन् । ति आन्दोलन अराजक भए भनेर फेरी सरकार पक्षले गर्ने अन्धो दमण पनि निक्कै कारूणिक र बिदारक खालका नै हुने गरेका छन् । जसवाट मानवमा हुनुपर्ने संवेदनशीलता देखिएको छैन ।

त्यसकारण सवै नेपाली नागरिकले लोकतन्त्र भनेको आफु अनुसाशित भएर अरूलाई अनुसाशन सिकाउने उत्कृष्ट व्यवस्था हो तरिका हो भनेर बुझ्न सक्नुपर्छ ।

लोकतन्त्र रहेमा मात्र सवैको अधिकार सुरक्षित हुन सक्छ । लोकतन्त्र त्यतिकै महत्वपूर्ण छ । लोकन्त्र रहेमा मात्र सञ्चार क्षेत्रको रक्षा हुन्छ भन्ने मान्यतालाई हामीले विर्सनु हुदैन । लोकतन्त्रको रक्षा पनि सञ्चार क्षेत्रको विकासले मात्र गर्न सकिन्छ । त्यसकारण सञ्चार क्षेत्रको महत्व पनि उत्तिक्कै छ । त्यो चाहे सरकारी होस वा नीति सञ्चार क्षेत्रको विकास विना जस्तो सुकै व्यवस्था भएपनि नागरिकको अधिकार रक्षा हुन सक्दैन ।

# ओलीसँगै ढलेको युगको चिरफार



■ कपिल काफ्ले

शीर्षक पढ्दै झोक चल्यो होला कतिलाई । 'केपी शर्मा ओलीको युग' ढलेको देखेकोमा चित्त बुझेन होला । लोकतन्त्रवादी र प्रगतिशील भनेर आफूलाई आधुनिक समयसापेक्ष बताइरहेका व्यक्तिहरु आफ्नो विश्वास ढलेको कसरी स्वीकार गर्थे ! तर, यथार्थ के हो भने- अब फेरि झोले राजनीति, नेपो-बेबी प्रवृत्ति, चन्दा¬-कमिनि-बिचौलियाको चलखेल केपी ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्डकै पालामा जस्तो फर्केर आउनेछैन । नवगठित बालेनको सरकारले यो काम गर्न सकेन भने जनताले अझ सबल विकल्प खोज्छन्, तर ओली युगमा कदापि फर्किँदैनन् ।

व्यक्ति-व्यक्तिको प्रवृत्ति बनेका कतिपय अभ्यासहरु एकैपटक निखारिने छन् भनेर दाबी गर्न त सकिन्न तर ओलीको युगमा जस्तो त्यसको व्यापकता कायम रहनेछैन । जनताको चेतनाले नै त्यस्ता व्यवहारहरुलाई जलाएर ध्वस्त बनाउनेछ । कम्युनिस्ट हुँ भन्ने तर अधिनायकवादी र छाडा चरित्रको अभ्यास गर्ने नेताहरुको युग गर्लम्मै ढलेकै हो । जस्तो, केपी ओलीले आजसम्म राजावादी राप्रपाका नेतालाई सूर्य चिह्न लिएर आफ्ना कार्यकर्तालाई हात कमाउँदै भए पनि स्वस्तिक छाप लगाउनै पर्ने बाध्यता किन सिर्जना गरेँ भनेर स्पष्टीकरण दिएका छैनन् ।

संविधानमै नभएको प्रावधान खडा गरेर दुई-दुईपटक संसद् विघटन गरेको कारण पनि खुलाएका छैनन् । मीनबहादुर गुरुङबाट अर्बौंको चन्दा लिनुपर्ने र दिनेले दिनुपर्ने कारण पारदर्शी गरेका छैनन् । तत्कालीन माओवादी नेता प्रचण्डसँग प्रधानमन्त्रीको कुर्सी बाँड्ने सर्तमा पार्टी मिलाएर प्रतिनिधिसभामा दुई तिहाइ बहुमत बनाएको तर ओलीले कुर्सी छोड्न नचाहेका कारण एकता भंग भएको यथार्थ आजसम्म किन लुकाइयो ? कसैलाई थाहा छैन । सैद्धान्तिक धरातलको सट्टा कुर्सीको खेलका आधारमा राजनीति गर्ने अनि मार्क्सवादी हुँ भन्ने पाखण्ड ढल्नै पर्थ्यो, ढल्यो । यसमा कुनै प्रगतिशील र लोकतन्त्रवादीले दुःख मान्नु आवश्यक छैन । किनभने त्यो न लोकतन्त्र थियो, न प्रगतिशीलता !

परिवर्तनको स्वरुप सधैँ एकनास हुँदैन, वि.सं. १९०३ मा देश र जनतालाई बिर्सेर राजपरिवारभित्रका सदस्यहरुले जुन आन्तरिक कलहमा समय बिताउने अभ्यास गरे, त्यसको तुलनामा जंगबहादुर राणा प्रगतिशील देखिए । आजको समयले जंगबहादुरलाई जति अधिनायकवादी ठाने पनि उनी परिवारभित्र शासनका लागि हत्या-हिंसा गर्ने शासकभन्दा प्रगतिशील थिए । यद्यपि उनको परिवारले १०४ वर्ष शासन गर्दा पुनः दरबारलाई नै विषमा डुबायो, मन नपरेको पात्र कि त विष खान बाध्य हुन्थ्यो, कि काठमाडौं उपत्यकाका चार भन्ज्याङ काटेर रुँदै पलायन हुन लाचार ! सत्ताको उन्मादले राणा शासकलाई समयसँगै परिवर्तित हुन दिएन, यसको विपरीत वि.सं. १९९७ मा गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथचन्दको निर्मम हत्या गर्ने कुबुद्धि पलायो । हरेक पुराना शक्तिलाई आफू ठीक छु, मेरो सत्ता ठीक छ भन्ने भ्रम हुन्छ ।

आजका पुराना शक्ति केपी ओलीलाई संविधान मिचेर काम गरे पनि, पार्टीको हित चाहने नेता-कार्यकर्तालाई निष्कासन गरे पनि, सिद्धान्तबाट च्यूत भए पनि आफू गलत छु भन्ने कहिल्यै लागेन । आज नयाँ शक्तिले घिसारेर जेलको ढोकामा पुऱ्याएको छ, तर उनलाई आफूबाट गल्ती भएको अनुभूति नै छैन । उनका साथमा उनका निकटस्थहरु अहिले पनि सात सालको दिल्ली सम्झौतापछि मोहन शमशेरले गरेका गल्तीहरु दोहोऱ्याइरहेका छन् ।

> **आजका पुराना शक्ति केपी ओलीलाई संविधान मिचेर काम गरे पनि, पार्टीको हित चाहने नेता-कार्यकर्तालाई निष्कासन गरे पनि, सिद्धान्तबाट च्यूत भए पनि आफू गलत छु भन्ने कहिल्यै लागेन । आज नयाा शक्तिले घिसारेर जेलको ढोकामा पुऱ्याएको छ, तर उनलाई आफूबाट गल्ती भएको अनुभूति नै छैन । उनका साथमा उनका निकटस्थहरु अहिले पनि सात सालको दिल्ली सम्झौतापछि मोहन शमशेरले गरेका गल्तीहरु दोहोऱ्याइरहेका छन् ।**

त्यसो त, राणा शासकहरु ठीक थिए भन्नेहरु दशकौंसम्म बाँचिरहेका हुँदा रहेछन् । राणा शासन देखेका कतिपय वयोवृद्ध व्यक्तिलाई तपाईंले आज पनि बहुदलभन्दा राणा शासन ठीक थियो भन्ने गरेको पाउनुहुनेछ । पिञ्जडामै अध्यस्त सुगालाई जंगलको स्वतन्त्रता असुरक्षित लाग्दो रहेछ । अहिले एमालेका अध्यक्ष ओलीका समर्थनमा सडक तताउने बहादुरहरु त्यही सुगाको नियतीमा छन् । यद्यपि उनीहरुलाई आफू प्रगतिशील भएको अनि बालेन सरकार प्रतिगमनकारी रहेको भ्रम छ । यस्तै पात्रहरुले जेनजी आन्दोलनलाई प्रतिगमनकारी भन्दै भाषण ठोकेकै हुन् ।

निर्वाचित सरकारलाई अपदस्थ गरेको मात्र देखे उनीहरुले, तर किन अपदस्थ हुनुपऱ्यो भनेर विश्लेषण गर्न सकेनन् । कम्युनिस्टहरु वस्तुवादी हुन्छन्, वैज्ञानिक प्रमाणका आधारमा निर्णय लिन्छन्, द्वन्द्वात्मक भौतिकवादलाई विकासको आधार र अनिवार्य कडी मान्छन् भन्ने आदर्श उनीहरुले बिर्सिसके । मूल नेता ओलीले नै पाइला-पाइलामा ती सिद्धान्त र आदर्श बिर्सेका कारण उनका अनुयायीले सम्झिरहन आवश्यक पनि ठानेनन् । फेरि ओली 'माई वे इज आई वे, त्यस वेमा नहिँड्ने सबै खेर गए' वाला व्यक्ति परे । उनलाई आलोचना गर्ने, सच्याउने र गल्ती देखाउने कुनै एक नेतालाई पनि उनले पार्टीभित्र सहेनन् । यसरी हेर्दा ओली प्रवृत्ति नै द्वन्द्वात्मक भौतिकवाद विपरीत देखियो । तर, आजको मितिसम्म पनि ओली र उनका भजन मण्डलीलाई आफ्नो कमजोरी अनुभूत छैन । दिल्ली सम्झौतापछि प्रधानमन्त्री बनेका श्री ३ महाराज मोहन शमशेर जबरालाई पनि थिएन ।

वि.सं. २००७ फागुन ७ गते राणाशासन अन्त्यको घोषणा गरियो । तर, देशको बागडोर भने राणा प्रधानमन्त्री मोहन शमशेरकै हातमा दिइयो । उनी मात्र होइन, बबर शमशेर, सुवर्ण शमशेर पनि मन्त्रिमण्डलमा थिए । उनीहरु गृहमन्त्री बनेका विश्वेश्वरप्रसाद कोइरालालाई पाखा लगाएर आफ्नो पुरानो विरासत फर्काउने दाउमा थिए । तर, समयको माग परिवर्तनको पक्षमा थियो, राणा शासनको पक्षमा थिएन । उनीहरु सफल भएनन् । आज केपी ओली पुरातन सत्ताको प्रतिनिधिका रुपमा छन्, उनलाई परिवर्तन स्वीकार गर्न त सहज हुन्न, जसरी सात सालको परिवर्तनमा राणाहरुलाई भएको थिएन, तर अब ओली प्रवृत्तिको पुनरागमन हुन सक्तैन । कुनै राजनीतिक नियुक्तिका लागि व्यक्तिको योग्यता र दक्षताभन्दा बढी उसले पार्टी र आफूलाई कति दाम चढायो भनेर ओलीले हेरेका थिएनन् ? त्यस प्रकारको सोच ढल्नै पर्थ्यो, होइन र ?

पञ्चायती व्यवस्था र राजतन्त्र ढलेर आएको संघीय लोकतान्त्रिक गणतन्त्र परिवर्तन गर्नंपर्ने प्रणाली होइन । यसभित्र रहेर गलत काम गर्ने व्यक्ति र व्यवहार परिवर्तन भए पुग्छ । २०८२ सालमा नेपालमा त्यही भयो । अब भ्रष्टाचार प्रवर्द्धन गर्ने किसिमको राजनीतिक दलको संरचना परिवर्तन हुनुपर्छ । पैसा खर्च गर्ने उम्मेदवारले मात्र जित्ने निर्वाचन पद्धतिमा सुधार हुनुपर्छ । राज्यले नसहने संघ र प्रदेशमा परिवर्तन ल्याउनुपर्छ । लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हो । यसबाट तल झर्ने सम्भावना नै छैन । जनतामा आएको आधुनिक चिन्तन, डिजिटल युगमा आधारित सोच र भ्रष्टाचारमुक्त हुने नागरिकको लक्ष्यलाई सही अर्थमा सम्मान गर्ने शासक आजको आवश्यकता हो ।

पुराना राजनीतिक दलले तीन दशकसम्म पनि यस दिशामा काम गर्न सकेनन् । त्यसैले उनीहरु ढले । उनीहरुलाई उठाउन एकथरी हरसम्भव प्रयास गरिरहेका छन् । तर, परिवर्तन हुन नसक्ने पात्रलाई उठाउनु समयको बर्बादी मात्र हो । तुलनात्मकरुपमा गगन थापा नेतृत्वको नेपाली कांग्रेस समयको पहिचानका साथ उभिएको छ । विगतका कमजोरीहरु पहिचान गर्दै जनतामा जाने तयारीमा छ । ओलीसँग नेकाका नेता तत्कालीन गृहमन्त्री रमेश लेखक पनि गिरफ्तार भएको सर्वविदित छ, तर नेकाले सडक आन्दोलनको आवश्यकता देखेन । हामीलाई छोयौ भने गृहयुद्ध हुन्छ भनेर धम्की पनि दिएन । नवनिर्वाचित सरकारले कानुनी कारबाहीका लागि गिरफ्तार गरेकोमा कानुनी तरिकाले नै प्रतिवाद गर्नं पर्याप्त हुने उसले महसुस गऱ्यो । लोकतान्त्रिक संस्कार देखायो ।

वास्तवमा नेपाल कम्युनिस्ट पार्टी वा नेपाली कम्युनिस्ट पार्टी नाम राखेर स्वनामधन्य अनुभूति गर्ने दल र त्यसका नेताले संसारका हरेक वस्तुको आयु हुन्छ, कम्युनिजमको पनि आयु थियो, त्यो सकियो भनेर बुझ्नु आवश्यक देखिन्छ । छिमेकी चीनमा कम्युनिजम सफल भयो, त्यसैले हामीकहाँ पनि हुन्छ भनेर 'कम्युनिजम' च्यापिराख्नु वस्तुवादी देखिन्न । अनुशासित नेताले सञ्चालन गरेको कम्युनिस्ट पार्टी सत्तामा गएर उसले सर्वहारा वर्गको अधिनायकत्व चलाउने त्यस व्यवस्थाको जो मूल सिद्धान्त हो, त्यो नेपालमा सम्भव छैन । कुनै पनि प्रकारको अधिनायकत्व नेपालीलाई अस्वीकार्य छ । भौगोलिक यथार्थले पनि त्यस प्रकारको अधिनायकत्व सम्भव छैन । लोकतन्त्र र मानवअधिकार, स्वतन्त्र निर्वाचन पद्धति, अभिव्यक्ति स्वतन्त्रतालाई दाउमा राखेर नेपालमा कसैले पनि त्यस प्रकारको अधिनायकत्व स्वीकार्दैन । त्यसैले, कम्युनिजम स्मरण गराउने स्वनामधन्य दलहरुले नयाँ न्वारन गरेर नाम फेरेपछि मात्र नागरिककहाँ पुग्नु आवश्यक छ ।

विश्वमा कम्युनिस्ट शासनको अवस्था हेर्दा पनि कम्युनिजमको भविष्य देखिँदैन । करिब दुई सय मुलुकको यस संसारमा केवल पाँच देशमा कम्युनिस्ट पार्टीको सरकार छ । चीन, भियतनाम, लावस, उत्तर कोरिया र क्युबा । बहुदलीय प्रजातन्त्र भएको मुलुक भारतसँग खुला सिमाना रहेको नेपाल कम्युनिस्ट मुलुक हुनै सक्तैन । अरु पनि दर्जनौं कारण छन्, जसले कम्युनिजम सम्भव नहुने प्रमाणित गर्दछन् । तर, केपी ओली, पुष्पकमल दाहाल, माधव नेपाल आदिलाई लाग्छ, यस नामका साथ मत माग्न गयो भने जनताले पत्याउँछन् । तर, यो मात्र उनीहरुको भ्रम हो । छिमेकी भारतको पश्चिम बंगालले सत्य प्रमाणित गरिसकेको छ, अब कम्युनिस्ट नाम बोकेर भोट माग्न कोही नआउनू भन्ने सन्देश दिइसकेको छ ।

विश्वमा संघीय लोकतान्त्रिक व्यवस्थाकै बाहुल्य देखिन्छ । विश्वका २५ मुलुक जसमा करिब ४ अर्ब व्यक्ति छन्, त्यहाँ संघीय व्यवस्था छ । बरु राजतन्त्र भएका मुलुकको संख्या कम्युनिस्ट मुलुकभन्दा निकै बढी छ- ४० भन्दा बढी मुलुकमा राष्ट्रप्रमुख राजा वा रानी छन् । यसरी हेर्दा, नागरिकहरु कम्युनिजमभन्दा राजतन्त्रलाई निकै मनपराउँदा रहेछन् । हो, कुनै बेला मुलुकको असीम विपन्नताबाट माथि उठ्न नागरिक स्वतन्त्रतालाई बेवास्ता गर्दै कम्युनिजम सिद्धान्त बोकेर भौतिक वा आर्थिक विकासमा फड्को मार्ने काम हुनु अस्वाभाविक थिएन । त्यसो त, स्वयं ओली-प्रचण्डहरुमा पनि मानवीय विकासलाई बेवास्ता गर्दै भौतिक विकासका लागि मुलुकको ढोका थुनेर जनतालाई गोरुजस्तो जोत्ने परिकल्पना छ जस्तो लाग्दैन । उनीहरुले केवल 'एउटा नाम त हो' भन्ने सोचेर धनी मानिसको नाम पनि 'गरिबदास' राखिदिएका हुन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# लुम्बिनीको मन्त्रिपरिषद् बैठक : सवारी साधन करको बाँडफाँट प्रस्ताव पारित



बुटवल– लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद्को आइतबार सम्पन्न बैठकले विभिन्न निर्णयहरू गरेको छ । बैठकले स्थानीय तहलाई प्रदान गरिने अनुदानको सीमा तथा सवारी साधन कर बाँडफाँटसम्बन्धी प्रस्तावहरू स्वीकृत गरेको छ ।

सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीका अनुसार आगामी आर्थिक वर्ष २०८३-८४ का लागि प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानको सीमा निर्धारणसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ । बैठकले प्रदेशभित्र संकलन हुने सवारी साधन करको बाँडफाँटसम्बन्धी प्रस्ताव पनि पारित गरेको छ ।

जसअनुसार आगामी आर्थिक वर्ष २०८३/८४ मा स्थानीय तहमा बाँडफाँट हुने सवारी साधन करको अनुमानित सीमा १ अर्ब ४५ करोड रुपैयाँ निर्धारण गरिएको छ । यसैबीच, प्रदेश सरकारले वि.सं. २०८३ सालका लागि थप सार्वजनिक तथा पर्व बिदाहरू पनि निर्धारण गरेको छ । हरितालिका तीज, माघे संक्रान्ति, प्रदेश स्थापना दिवस र बसन्त पञ्चमीका अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरिएको छ भने भूम्या पूजा, बड्का अत्तवारी, भगवती जात्रा र मगर दिवसजस्ता पर्वमा सम्बन्धित समुदायलाई बिदा दिने व्यवस्था गरिएको छ ।

बैठकले जीवनाशक विषादी निरीक्षकहरुको कार्यक्षेत्र तोक्ने निर्णय गरेको छ । वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेलाई रुपन्देही, कपिलवस्तु, नवलपरासी (ब.सु.प), अर्घाखाँची, पाल्पा र गुल्मी, अधिकृत एलिजा श्रेष्ठलाई प्युठान, रोल्पा, रुकुमपूर्व, बाँके, बर्दिया र दाङको विषादी निरिक्षकको कार्यक्षेत्र तोकिएको छ ।

# भैरहवा एयरपोर्टबारे भारतसाग हवाई रुटको कुरा गर्न प्रधानमन्त्रीलाई आग्रह

काठमाडौं– नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले प्रधानमन्त्री बालेन शाहलाई विभिन्न विकास आयोजना अघि बढाउन सुझाव दिएका छन् ।

प्रधानमन्त्री शाहले सोमबार लुम्बिनी प्रदेशबाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरुसँग छलफल गरेका थिए । उक्त छलफलमा सहभागी भएका पुनले आफू निर्वाचित भएको रोल्पा तथा लुम्बिनी प्रदेशका चालु विकास आयोजना र केही नयाँ परियोजनालाई प्राथमिकतामा राखेर काम अघि बढाउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

पुनले भैरहवा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तत्काल सञ्चालनमा ल्याउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । उनले अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि हवाई मार्गका विषयमा भारतसँग कूटनीतिक संवाद अघि बढाउन ढिलाइ गर्न नहुनेमा जोड दिए ।

'भैरहवा विमानस्थलमा श्रम डेस्क राखेर अन्तर्राष्ट्रिय उडान नियमित गरेर पर्यटन क्षेत्रमा सम्भावनाको ढोका खोल्न अब ढिला गर्न हुँदैन', पुनले भने, 'अन्तर्राष्ट्रिय हवाइ मार्गका लागि भारतसँग कूटनीतिक पहल गर्न सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु ।'

पुनले दाङको कोइलाबास-रोल्पा-रुकुम हुँदै डोल्पा जोड्ने शहीद मार्ग निर्माणको कामलाई गति दिन माग गरे । उत्तरी छिमेकी चीनको सीमासम्म छुने उक्त सडकको रणनीतिक महत्व रहेको बताए । उनले शहीद मार्गको घोराही-होलेरी- खण्ड कालोपेत्र तथा रोल्पाको सुलीचौरदेखि उवासम्म स्तरोन्तिका लागि बजेट व्यवस्था गरिदिन आग्रह गरे ।

पुनले रोल्पास्थित माडी बहुउद्देश्यीय जलविद्युत आयोजनाको काम अघि बढाउन पनि सरकारसँग माग गरे । रोल्पा नगरपालिका १ र २ मा माडीखोला थुनेर बहुउद्देश्यीय जलविद्युत आयोजना निर्माण गर्ने सरकारी स्वामित्वको हाइड्रो इलेक्ट्रिसिटी एन्ड इन्भेस्टमेन्ट डेभलपमेन्ट कम्पनी लिमिटेड र चीनको पावर कन्स्ट्रक्सन कर्पोरेसनको संयुक्त लगानीमा निर्माण ढाँचा तयार पारिएको उक्त आयोजनाको निर्माण रोकिएको छ ।

पुनले आफू अर्थमन्त्री भएका बेला आर्थिक वर्ष ०८१/०८२ को बजेटमा समावेश गरिएको गण्डकी आर्थिक त्रिभुज परियोजना अघि बढाउनुपर्नेमा पनि जोड दिए । एकीकृत विकास अवधारणाअनुसार नमुना विकास अभियान सञ्चालन गर्न भरतपुर, बुटवल र पोखरालाई तीनवटा कोणमा राखी निजी क्षेत्रसँगको साझेदारीमा त्रिभुज परियोजना अघि बढाउन सकिए नयाँ आर्थिक केन्द्र विकास हुने र त्यसले मुलुकको समग्र अर्थतन्त्रमै 'गेम चेन्जर' को भूमिका खेल्न सक्ने उनको भनाइ थियो ।



त्रिभुज परियोजनाअन्तर्गत नारायणगढ-बुटवल खण्डलाई निर्माण सामग्री तथा हेभी उद्योगको केन्द्र, मुग्लिन-पोखरा खण्डलाई कृषि तथा खाद्य प्रशोधन उद्योगको केन्द्र र पोखरा-बुटवल खण्डलाई विद्युतीय उपकरण, जुत्ता, लत्ताकपडा, कार्पेट तथा घरायसी प्रयोगका वस्तु तथा सेवा सम्बद्ध उद्योगको केन्द्रका रुपमा विकास गर्ने भनिएको थियो । कांग्रेस र एमालेबीच ०८१ असार १७ गते राति भएको सत्ता समीकरणसम्बन्धी ७ बुँदे सहमतिपछि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई विस्थापित गरेर बनेको केपी ओली नेतृत्वको सरकारले बजेट संशोधन गरी गण्डक त्रिभुज परियोजना खारेज गरिदिएको थियो ।

यस्तै पुनले कृषि उत्पादनका लागि देशकै उर्वर भूमि रहेको लुम्बिनी प्रदेशमा सिंचाई, मल, बिउ, आधुनिक कृषि औजार र बजार व्यवस्थापनसहित एकीकृत विकास परियोजना अघि बढाउन सुझाए । पुनले १ सय ६५ निर्वाचन क्षेत्रकै विकासका लागि समानुपातिक वितरण हुने गरी सांसदको सिफारिसमा केही आयोजना छुट्याउन माग गरे । विगतमा पनि उक्त परम्परा रहेको उनले स्मरण गरे ।

# भक्तपुरमा प्रहरीको स्वीप अपरेसन जारी, दुई दिनमै ९० जना पक्राउ




काठमाडौं– जिल्ला प्रहरी परिसर भक्तपुरले सञ्चालन गरेको गैरकानुनी कार्य नियन्त्रण अन्तर्गत स्वीप अपरेसनका क्रममा पक्राउ पर्नेको संख्या ९० पुगेको छ । प्रहरीले पछिल्ला दुई दिनमा सञ्चालन गरेको अपरेसनका क्रममा उनीहरु पक्राउ परेका हुन् ।

प्रहरी परिसर प्रमुख प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काका अनुसार, गएराती विभिन्न स्थानबाट ३० जनालाई पक्राउ गरिएको छ । अघिल्लो दिन ६० जना पक्राउ परेका थिए । पक्राउ परेका सबैलाई हिरासतमा राखेर अनुसन्धान सुरु गरिएको प्रहरी उपरीक्षक खड्काले बताउनुभयो ।

कानुन विपरीतका विभिन्न घट्नामा संलग्न रहेको आधारमा धेरै व्यक्ति पक्राउ गरेको जानकारी दिँदै प्रहरी उपरीक्षक खड्काले स्वीप अप्रेसन जारी रहेको बताउनुभयो ।

सार्वजनिकस्थलमा शान्ति सुरक्षा भंग गर्ने खालका क्रियाकलाप गर्ने, शंकास्पद गतिविधि गर्ने, लागूपदार्थ सेवन गर्ने, विभिन्न स्थानमा समूहमा बसेर गलत गतिविधि र होहल्ला गर्ने जस्ता गतिविधि गर्नेलाई पक्राउ गरिएको खड्काको भनाइ छ ।

शनिबार ६० जना र आइतबार ३० जना गरी ९० जनालाई विभिन्न स्थानबाट पक्राउ गरिएको प्रहरी परिसर भक्तपुरका प्रमुख खड्काले जानकारी दिनुभयो ।

परिसरअन्तर्गत रहेका जिल्लाका दुई प्रहरी वृत्त, प्रहरी प्रभाग र युनिटलाई परिचालन गरी अप्रेसन सुरु गरिएको उहाँको भनाई छ । पक्राउ परेका सबैको अनुसन्धानपछि अपराधिक घटनामास संलग्न नभएका पाइए छाडिने गरेको प्रहरीले जनाएको छ ।

परिसरले स्वीप अपरेसन जारी राखेको प्रहरी प्रमुख खड्काले जानकारी दिनुभयो ।

समाजमा शान्तिसुरक्षा कायम राख्ने मुख्य उद्देश्यले स्विप अप्रेसन सुरु गरिएको जानकारी दिँदै प्रहरी उपरीक्षक खड्काले नजिकिँदै गरेको बिस्केट जात्रालाई शान्तिपूर्ण रुपमा सम्पन्न गराउन पनि उक्त अप्रेसन सञ्चालन गरिएको बताउनुभयो ।

परिसर प्रमुख खड्काले अपरेसनले स्थानीयमा डरत्रासको वातावरण अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो ।

## रामेछाप डायरी

# मेछाप उद्योग वाणिज्य संघको १५औँ वार्षिक साधारणसभा सम्पन्न



रामेछाप– रामेछाप जिल्लाको उद्योग वाणिज्य क्षेत्रको साझा संस्था रामेछाप उद्योग वाणिज्य संघको १५औं वार्षिक साधारणसभा बिहीबार मन्थलीमा भव्यताका साथ सम्पन्न भएको छ ।

संघका अध्यक्ष नवीन थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिकी प्रमुख चिना कार्की प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि कार्कीले वर्तमान लोकतान्त्रिक व्यवस्थामा विचार, चाहना र आकांक्षामा विविधता हुनु स्वाभाविक भए पनि साझा लक्ष्यतर्फ सहकार्य आवश्यक रहेको बताउनुभयो । उहाँले उद्योग वाणिज्य संघभित्र प्रवेश गर्ने अघि सबै पक्षलाई समेटेर अघि बढ्ने संस्कार विकास गर्नुपर्नेमा जोड दिनुभयो । "संघभित्र निर्वाचित भइसकेपछि सबैलाई समान दृष्टिले हेरी पक्षपातरहित ढंगले काम गर्न आवश्यक छ," उहाँले भन्नुभयो, "त्यसले मात्रै संस्थागत विश्वसनीयता र समन्वय बलियो बनाउँछ ।" कार्कीले कृषकका उत्पादनको बजारीकरणमा संघ, स्थानीय तह र राजनीतिक दलबीच प्रभावकारी समन्वय हुनुपर्ने उल्लेख गर्नुभयो ।

उत्पादन भएका वस्तुहरूको उचित मूल्य र बजार सुनिश्चित गर्न निरन्तर पहल भए पनि अपेक्षित परिणाम नआएकोप्रति उहाँले चिन्ता व्यक्त गर्नुभयो । आगामी दिनमा निजी क्षेत्रलाई समेट्दै उत्पादन, प्रशोधन र बजार विस्तारमा ठोस कार्यक्रम ल्याउनुपर्ने उहाँको सुझाव थियो ।

विशिष्ट अतिथि तथा मन्थली नगरपालिकाका प्रमुख लव श्रेष्ठले स्थानीय उत्पादनको समुचित व्यवस्थापन र बजार विस्तार बिना आर्थिक समृद्धि सम्भव नभएको धारणा राख्नुभयो । उहाँले जिल्लाभरि उत्पादन हुने खाद्यान्न, तरकारी, दूध तथा औद्योगिक वस्तुहरूको यथार्थ विवरण संकलन गरी आत्मनिर्भरता कति महिनासम्म सम्भव छ भन्ने विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । "अभाव भएका वस्तु मात्रै बाहिरबाट आयात गर्ने रणनीति अपनाएमा स्थानीय उत्पादनको संरक्षण र प्रवर्द्धन हुन्छ," उहाँले भन्नुभयो । श्रेष्ठले प्रतिस्पर्धी बजारमा बाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नुको कारण लागत र मूल्य व्यवस्थापन रहेको उल्लेख गर्नुभयो । "तराईबाट आएको गोलभेँडा सस्तो पर्छ भने स्थानीय उत्पादन महँगो हुनुको कारण खोज्नुपर्छ," उहाँले थप्नुभयो, "एकअर्कालाई दोष दिनुभन्दा साझा जिम्मेवारी वहन गरेर समाधान खोज्नुपर्छ ।" साथै, बजारमा बढ्दो मूल्यवृद्धिबारे पर्याप्त छलफल नभएको उल्लेख गर्दै त्यसको नियन्त्रण र नियमनमा स्थानीय सरकार, निजी क्षेत्र र सरोकारवालाबीच सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले सार्वजनिक र निजी क्षेत्रबीचको सहकार्यबाट मात्रै दिगो आर्थिक विकास सम्भव हुने बताउनुभयो । विगतमा सशस्त्र द्वन्द्व, भूकम्प, नाकाबन्दी, कोभिड महामारी लगायतका संकटमा निजी क्षेत्रले ठूलो क्षति बेहोरे पनि अर्थतन्त्रमा निरन्तर योगदान दिँदै आएको उहाँले स्मरण गर्नुभयो ।

"निजी क्षेत्रले कर तिरेर राज्यप्रति आफ्नो दायित्व पूरा गर्नका साथै उपभोक्ता, किसान र उत्पादकको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेलेको छ," उहाँले भन्नुभयो । थापाले उद्योग वाणिज्य संघका गतिविधिहरूमा सरकारी निकायको सहयोग र समन्वय रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । सार्वजनिक-निजी साझेदारीलाई सुदृढ गर्दै आर्थिक गतिविधिलाई गतिशील बनाउनुपर्ने उहाँको धारणा थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख प्रेमसागर थापा, विभिन्न संघसंस्थाका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, पत्रकार तथा उद्योगी-व्यवसायीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# संसद्मा उठेका प्रश्नहरूले सरकारले समयमै सम्बोधन गरोस् : गणेश पराजुली



काठमाडौं– राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद गणेश पराजुलीले संसद्मा उठेका प्रश्नहरूले सरकारले समयमै सम्बोधन गर्नुपर्ने बताएका छन् ।

'सार्वभौम सांसद ज्यूहरूले जनताको तर्फबाट आकस्मिक समयमा, विशेष समयमा, शून्य समयमा उठाएका सबै समस्याहरू र जनताको आकांक्षाको यथोचित सम्बोधन राज्यका सम्बन्धित निकाय र मन्त्रालयले समयमै गरेको सुन्न पाइयोस्' सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भने ।

समयमै प्रिबजेट छलफल गर्न पाउनुपर्ने माग उनले गरे । सांसदले कानुन बनाउँदा कतैबाट छेडखानी गर्न नहुने र छेडखानी गर्ने हिम्मत कसैले गर्ने अवस्था बन्न नहुने उनको आग्रह छ ।

सांसदले मन्त्रीको ढोकामा चाहरेर आफ्ना मुद्दा सम्बोधन भयो वा भएन भनेर सोध्न नपरोस् भन्ने पनि उनको आग्रह छ ।

साथै, व्यवस्थापिकाको गरिमा जोगाउन नसक्दा विगतमा प्रश्न उठेका ख्याल गरेर अगाडि बढ्न समेत उनले नवनिर्वाचित सभामुख डोलप्रसाद अर्याललाई शुभकामना दिए ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३६,
२०८२ साल चैत २४ गते मंगलबार
7 APRIL 2026, TUESDAY

# अर्थमन्त्रीलाई ब्रोकर एसोसिएसनको ६ बुँदे सुझाव



काठमाडौं- सेयर बजारमा लगानीकर्ताको मनोबल कमजोर बनेपछि स्टक ब्रोकर एसोसिएसन अफ नेपालले अर्थमन्त्री स्वर्णिम वाग्लेसँग भेटवार्ता गरी ६ बुँदे सुझाव दिएको छ ।

नयाँ सरकार गठनपछि सेयर बजार उच्च दरले ओरालो लागेको छ । नयाँ सरकार गठनअघि २ ९६० अंकमा रहेको नेप्से परिसूचक हाल २७ सय हाराहारीमा झरेको छ। सोमबारको प्रारम्भिक कारोबारमा भने बजारमा सुधार देखिएको छ ।

बिहान भएको भेटवार्ताका क्रममा एसोसिएसनले बैंक तथा वित्तीय संस्थालाई सहज रुपमा पूँजी बजार प्रवेश र बाहिरिने व्यवस्था गर्न सुझाव दिएको छ । हाल बैंक तथा वित्तीय संस्थाले सेयर खरिद गरेको ६ महिनापछि मात्रै बिक्री गर्न पाउने व्यवस्था छ ।

त्यस्तै गैरआवासीय नेपालीलाई सहज रुपमा दोस्रो बजारमा कारोबार गर्ने व्यवस्था गर्न, नयाँ बजेटमार्फत हाल कायम पूँजीगत लाभरलाई अन्तिम भनेर सम्बोधन गर्न माग गरिएको छ । सरकारी संस्थानहरुमा विभिन्न कोषमा रहेको रकमलाई दोस्रो बजारमा लगानी गर्न सहज वातावरण बनाउन एसोसिएसनले माग गरेको छ ।

सेटलमेन्ट ग्यारेन्टी फन्ड प्रयोगका लागि २०७५ सालमा विनियमावली र २०७९ सालमा कार्यविधि बनेको स्मरण गराउँदै सो कार्यविधि लामो समयदेखि कार्यान्वयनमा आउन नसकेकाले कार्यान्वयनका लागि नियामक निकायलाई निर्देशन गर्न एसोसिएसनले माग गरेको छ ।

भेटका क्रममा अर्थमन्त्री वाग्लेले नेपाललाई ग्रे लिस्टबाट बाहिर ल्याउनुपर्ने सरकारको जिम्मेवारी रहेको बताउँदै सुशासनका काम धमाधम अघि बढ्ने उल्लेख गरे । अपराध गरेकालाई उन्मुक्ति नहुने तर कसैमाथि प्रतिशोध पनि नराखिने उनले बताए ।

रास्वपाको सरकार निजी क्षेत्रमैत्री रहेको र अर्थतन्त्रलाई सम्हाल्नेगरी रूपान्तरणकारी बजेट आउने वाग्लेले बताएका थिए ।

# बैंकिङ कारोबार बिहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म



काठमाडौं- बैंक तथा वित्तीय संस्था सातामा ५ दिन मात्र खुल्ने भएका छन् । नेपाल सरकारको निर्णय अनुसार बैंक वित्तीय संस्थाले पनि शनिबार र आइतबार बिदा सुरु गरेको हुन् ।

नेपाल राष्ट्र बैंकले पनि गभर्नरको निर्णय मार्फत चैत २२ गतेबाट सोमबार- शुक्रबारसम्म कार्यलय खुल्ने व्यवस्था लागु गरेको छ ।

त्यसैगरी केन्द्रीय बैंकले बैंकिङ कारोबार समय बिहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म कायम गरेको छ । यो निर्णयपछि बैंक तथा वित्तीय संस्थाले पनि सोही व्यवस्था लागु गरिसकेका छन् । सोमबारदेखि नै बैंक तथा वित्तीय संस्थाले ९ बजेदेखि बैंकिङ कारोबार सुरु गरिसकेका छन् ।

नेपाल सरकार मन्त्रिपरिषदले चैत २२ गते निर्णय गर्दै शनिबार र आइतबार बिदा कायम गरेको छ भने शुक्रबार पूर्ण अवधिभर सेवा प्रदान गर्ने निर्णय गरेको छ। केन्द्रीय बैंकमा नेपाल सरकारको निर्णय सोमबार देखि नै लागु भएको छ ।

केन्द्रीय बैंकले आफ्ना मातहतका कार्यालयलाई कार्यालय समय सोमबारदेखि शुक्रबारसम्म बिहान ९ बजेदेखि अपरान्ह ५ बजेसम्म कायम गर्न निर्देशन समेत जारी गरिसकेको छ । तर, कात्तिक १६ देखि माघ १५ गतेसम्म कार्यालय समय बिहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म कायम हुने बैंकले जनाएको छ ।

त्यसैगरी बैंकिङ कारोबार समय सोमबारदेखि शुक्रबारसम्म बिहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म कायम गर्ने केन्द्रीय बैंकले जनाएको छ। साथै कात्तिक १६ देखि माघ १५ गतेसम्मको बैंकिङ कारोबार समय बिहान ९ बजेदेखि अपरान्ह ३ बजेसम्म कायम हुनेछ ।

# ट्रान्क्विलिटी स्पाको नयाँ शाखा रोयल ट्युलिप काठमाडौंमा सञ्चालन

काठमाडौं– ट्रान्क्विलिटी स्पाले वेलनेस तथा स्पा सेवाको बढ्दो मागलाई ध्यानमा राख्दै ग्वार्कोस्थित (रोयल ट्युलिप काठमाडौंमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ ।

नयाँ शाखामा आधुनिक पूर्वाधार, अनुभवी थेरापिस्ट तथा गुणस्तरीय सेवाको संयोजनमार्फत ग्राहकहरूलाई विश्वस्तरीय सेवा प्रदान गरिने कम्पनीले जनाएको छ । पूर्ण रूपमा सुविधा सम्पन्न यस केन्द्रमा तापीय जल-चिकित्सा (थर्मल हाइड्रो थेरापी), परम्परागत मालिस सेवा, सौन्दर्य सैलुन, पौडी तथा व्यायामशाला सेवा उपलब्ध छन् ।

ललितपुर क्षेत्रमा पूर्ण सुविधा सम्पन्न वेलनेस तथा स्वास्थ्य क्लब विस्तार गर्न ग्राहकबाट आएको मागलाई मध्यनजर गर्दै शाखा विस्तार गरिएको कम्पनीको भनाइ छ ।

विगत दुई दशकदेखि स्पा तथा वेलनेस संस्कृतिको प्रवर्द्धन गर्दै आएको ट्रान्क्विलिटी स्पाले हाल देशभर १८ भन्दा बढी शाखा सञ्चालनमा ल्याइसकेको छ। तीमध्ये अधिकांश शाखाहरू प्रतिष्ठित होटल तथा पर्यटकीय गन्तव्यहरूमा रहेका छन्, जसका कारण नेपाल भ्रमणमा आउने पर्यटकबीच पनि यसको सेवा लोकप्रिय बन्दै गएको छ ।

कम्पनीले द सोल्टी काठमाडौं, र्‍याडिसन होटल काठमाडौं, रमादा बाइ विन्डहम काठमाडौं, होटल शंकर, चन्द्रागिरि हिल्स रिसोर्ट, रोयल ट्युलिप चितवन, फिसटेल लज पोखरा, माउन्टेन ग्लोरी फरेस्ट रिसोर्ट र सिद्धार्थ विलासा भैरहवा लगायतका प्रतिष्ठित होटलहरूमा सेवा विस्तार गरिसकेको छ । साथै मलेसियामा रहेको शाखामार्फत पनि अन्तर्राष्ट्रिय स्तरमा सेवा दिँदै आएको छ ।

कम्पनीका प्रमुख परिचालन अधिकृत च्वलर्ष ँबष्शग (रनिल फैजु) ले नयाँ शाखा सञ्चालनले राजधानीमा उच्चस्तरीय वेलनेस सेवाको पहुँच विस्तार हुने विश्वास व्यक्त गरे । उनका अनुसार व्यस्त जीवनशैलीका कारण शारीरिक तथा मानसिक सन्तुलन कायम राख्न



यस्ता सेवाको आवश्यकता बढ्दै गएको छ । त्यस्तै, कम्पनीका अध्यक्ष द्यजगखबल ँबष्शग (भुवन फैजु) ले प्रमुख पर्यटकीय तथा आतिथ्य क्षेत्रमा गुणस्तरीय स्पा सेवा विस्तार गर्न दीर्घकालीन रणनीति भएको बताए । यसले वेलनेस पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । हाल ट्रान्क्विलिटी स्पाले वेलनेस उद्योगमार्फत देशभर करिब २५० जनालाई रोजगारी प्रदान गर्दै आएको छ। नयाँ शाखा सञ्चालनसँगै होटलका सेवाग्राहीहरूले प्रिमियम आतिथ्य सेवासँगै एउटै स्थानमा वेलनेस सुविधा उपभोग गर्न सक्ने विश्वास गरिएको छ ।

# एफएनसीसीआईको निर्वाचनमा वस्तुगततर्फ शिवप्रसाद घिमिरेको समूहले दर्ता गरायो उम्मेदवारी



काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) को एक सातापछि हुने निर्वाचनमा वस्तुगततर्फ शिवप्रसाद घिमिरेको समूहले उम्मेदवारी दर्ता गराएको छ । घिमिरेको नेतृत्वमा १६ जनाले आइतबार उम्मेदवारी दर्ता गराएका हुन् ।

घिमिरे उपाध्यक्षको उम्म्दवार बनेका छन् । उनले वस्तुगततर्फ सबै क्षेत्रलाई समेटेर उम्मेदवारी दर्ता गराएको बताएका छन् ।

कार्यकारिणी समिति सदस्यमा डेरी तथा दुग्ध पदार्थ उत्पादन र प्रशोधन क्षेत्रबाट अरनिको राजभण्डारी, पोल्ट्री व्यवसाय क्षेत्रबाट रविन पुरी, अलैंची उत्पादन तथा निर्यात क्षेत्रबाट राजकुमार कार्की, बीउ-विजन क्षेत्रबाट बसन्तचन्द्र मरहट्टा, कृषि बजारीकरण क्षेत्रबाट सुनिता न्हेम्हाफुकी, पश्मिना उत्पादन तथा निर्यात क्षेत्रबाट धनप्रसाद लामिछाने, सौर्य ऊर्जा तथा बायोग्यास क्षेत्रबाट एब बहादुर थापामगर, सेयर बजार क्षेत्रबाट धर्मराज सापकोटा, सिमेन्ट उत्पादन क्षेत्रबाट रघु नन्दन मारुले उम्मेद्वारी दर्ता गराएका छन् ।

यस्तै प्लाईउड उत्पादन तथा निर्यात क्षेत्रबाट होमप्रसाद घिमिरे, फ्लोरिकल्चर (फूल खेती) उत्पादन क्षेत्रबाट राजेशभक्त श्रेष्ठ, खानेपानी उत्पादन तथा व्यवस्थापन क्षेत्रबाट ध्रँवबहादुर गौतम, टुरिजम तथा होटल व्यवसाय क्षेत्रबाट संघर्ष विष्ट र जुत्ता चप्पल उत्पादन क्षेत्रबाट नानीराज घिमिरे चुनावी मैदानमा उत्रिएका छन् ।

त्यस्तै यातायात तथा पारवहन क्षेत्रबाट विश्वनाथ खनाल र इँटा उद्योग क्षेत्रबाट कृष्णप्रसाद अवालले उम्मेद्वारी दर्ता गराएका छन्। यो समूहलाई वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठको साथ छ । श्रेष्ठको समूहबाट एसोसिएट उपाध्यक्षमा प्रवलजंग पाण्डेले उम्मेदवारी दर्ता गराइसकेका छन् ।

एफएनसीसीआईको ६०औं साधारण सभा तथा अधिवेशन चैत चैत २९ र ३० गते हुँदैछ ।

# लगानी गर्न उत्साहित हुनुस् : अर्थमन्त्री वाग्ले



काठमाडौं । अर्थमन्त्री स्वर्णिम वाग्लेले बलियो सरकार बनेको समयलाई देशको उन्नतिका लागि प्रयोग गर्न चाहेको बताएका छन् ।

सोमबार नेपाल उद्योग परिसंघका पदाधिकारीहरुसँगको छलफलमा वाग्लेले निजी क्षेत्रले खोजेको राजनीतिक स्थिरता प्राप्त भएको भन्दै अब आर्थिक समृद्धि हासिल गर्नपर्ने बताएका हुन् ।

‘हामी बजेटबाट केही फरक सम्बोधन गर्दैछौं। निजी क्षेत्रमुखी आर्थिक वातावरण बनाउन आएको पहिलो दिन नै हामीले १५ वटा कानुन खारेज गरेर सरकार र हाम्रो पार्टी निजी क्षेत्रप्रति उदार र सहयोगी छ भन्ने सन्देश दिइसकेको छ। हामी उदार अर्थतन्त्रलाई प्रोत्साहन गर्ने हो तर उदारको अर्थ छाडा हुनलाई भने हामी नियमन गर्ने नै हो ।’ त्यसक्रममा उनले निजी क्षेत्रलाई इमानदारीपूर्वक उद्योग र व्यापार गर्न र त्यसमा सरकारले खुलेर सहयोग गर्ने बताएका थिए । भेटका क्रममा नमूना औद्योगिक पार्क बनाउने र त्यसलाई सहजीकरण गर्न निजी क्षेत्रको मागमा अर्थमन्त्री वाग्लेले कुनै बहुराष्ट्रिय ठूलो कम्पनी वा त्यसको लगानी भित्र्याएर लगानी मैत्री वातावरण बनाउन पहल थाल्न र सरकारले सबै खाले सहयोग गर्ने बताएका थिए ।

त्यस्तै उनले स्वदेशी, ठूला र बहुराष्ट्रिय कम्पनीको लगानीको सुरक्षामा सरकार प्रतिवद्ध रहेको आश्वासन दिएका थिए ।

# कुमारी बैंक लि.को २५औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं –कुमारी बैंक लि.ले विभिन्न कार्यक्रमहरू आयोजना गर्दै आफ्नो २५औं वार्षिकोत्सव मनाएको छ। वार्षिकोत्सवको अवसरमा बैंकले आफ्ना ग्राहक, सेयरधनी, नियामक निकाय तथा शुभेच्छुकप्रति कृतज्ञता व्यक्त गर्दै सफलताको यात्रामा सहयोग र विश्वासका लागि आभार प्रकट गरेको छ । बैंकले आगामी दिनमा पनि उत्कृष्ट बैंकिङ सेवा तथा वित्तीय सुविधाहरू प्रदान गर्ने प्रतिबद्धता जनाएको छ ।

यस अवसरमा बैंकले काठमाडौं, ललितपुर, भक्तपुर लगायत देशभरका विभिन्न प्रदेशहरूमा रक्तदान कार्यक्रम आयोजना गरेको छ। उक्त कार्यक्रमले स्थानीय स्तरमा रक्त अभाव न्यूनीकरण तथा जीवन बचाउने अभियानमा योगदान पुर्‍याउने लक्ष्य लिएको बैंकले जनाएको छ ।

त्यसैगरी, “परम्परागत भेषभूषा” मा आधारित कार्यक्रममार्फत बैंकले सांस्कृतिक पहिचानलाई प्रवर्द्धन गरेको छ। कार्यक्रममा कर्मचारीहरूले आ-आफ्नो जातीय पोशाकमा सहभागी हुँदै विविधता, समावेशिता र सांस्कृतिक सम्मानलाई उजागर गरेका थिए ।

वार्षिकोत्सवकै अवसरमा बैंकले “समुदायका लागि कुमारी बैंक” कार्यक्रमको समेत थालनी गरेको छ । यस कार्यक्रमअन्तर्गत देशभर रहेका शाखामार्फत गरिब, विपन्न तथा पछाडि परेका समुदायको जीवनस्तर सुधार गर्न सामाजिक उत्तरदायित्वका गतिविधि सञ्चालन गरिने जनाइएको छ ।

यसैबीच, बैंकले ‘रजत बचत खाता’ पनि सार्वजनिक गरेको छ, जसमा बचत खातामै मुद्दती खाताजस्तै ब्याजदर उपलब्ध हुने व्यवस्था गरिएको छ ।

विगत २५ वर्षदेखि निरन्तर सेवा दिँदै आएको कुमारी बैंक लि.का हाल देशभर २८६ शाखा, ३०२ स्वचालित नगद वितरण मेसिन, ४१ विस्तार काउन्टर तथा ४८ शाखारहित बैंकिङ एकाइ सञ्चालनमा छन्। बैंकले तीन लाखभन्दा बढी ग्राहकलाई आधुनिक तथा प्रभावकारी सेवा प्रदान गर्दै आएको छ ।

बैंकले आगामी दिनमा अझ सरल, सुलभ र उत्कृष्ट सेवा विस्तार गर्दै जाने प्रतिबद्धता समेत जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खेलकुद

# सीमान्तलाई मेलबर्नमा दोहोरो स्वर्ण



काठमाडौं – भेट्रान टेनिस खेलाडी सीमान्त गुरुङले एनसीटीसी-आईसीएस युनिटी गेम्समा दोहोरो स्वर्ण पदक जितेका छन् ।

अस्ट्रेलियाको मेलबर्नमा भएको प्रतियोगितामा सीमान्तले भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्स र डबल्समा स्वर्ण जितेका हुन् ।

नेपाली कम्युनिटी टेनिस क्लब (एनसीटीसी) द्वारा आयोजित प्रतियोगिताको सिंगल्समा सीमान्तले अनुप गुरुङलाई हराए । डबल्समा सीमान्तले अशोक गुरुङसँग मिलेर अनुप गुरुङ र कुमार खत्रीको जोडीलाई हराएका थिए । इन्टरमिडियट सिंगल्समा दीपेश घिमिरेले भीष्म गौतमलाई हराएर उपाधि जिते ।

विजेतालाई एनसीटीसीका अध्यक्ष केशव खत्रीलगायतले पुरस्कार वितरण गरे । अध्यक्ष खत्रीले नेपाली टेनिस समुदायलाई जोड्ने लक्ष्यसहित प्रतियोगिता सुरुआत गरिएको बताए ।

आयोजक क्लबका सचिव भीष्म गौतमले भविष्यमा अझ ठूला कार्यक्रम आयोजना गर्ने लक्ष्य रहेको र प्रतियोगिताले नेपाली खेलकुद समुदायमा एकता र उत्कृष्टताको नयाँ सन्देश दिने विश्वास व्यक्त गरे ।

सीमान्त उदीयमान टेनिस खेलाडी शिभाली गुरुङका पिता हुन् । सिभालीले यस वर्षको अस्ट्रेलिया ओपनअन्तर्गत एसियन इलाइटको १४ वर्षको विधामा प्रतिस्पर्धा गरेका थिए ।

# रूपन्देही सुपरलिग: साई ग्लोबल ५५ रनले विजयी




भैरहवा- रूपन्देही क्रिकेट संघको आयोजनामा २४औं संस्करणको रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत 'बी' डिभिजनको सोमबारको खेलमा साई ग्लोबल क्लब विजयी भएको छ । साई ग्लोबलले लुम्बिनी शाक्यन क्रिकेट क्लबलाई ५५ रनले पराजित गर्दै विजयी भएको हो । सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको साई ग्लोबलले ४८ ओभर २ बलमा सबै विकेट गुमाउँदै २ सय १९ रन बनायो । उसका लागि अजय चाईले ६०, जितेन्द्र केवटले ४५, जावेद खानले ३७, सुभाष यादवले ३० र शैलेन्द्र यादवले १२ रन बनाए । बलिङमा लुम्बिनी शाक्यनका अजमत अलीले ४, आकाश गिरी र रोहित चन्दले २-२ तथा शाह आलमले १ विकेट लिए ।

प्रत्युत्तरमा लुम्बिनी शाक्यन ३६ ओभर ३ बलमा १ सय ६४ रनमै समेटियो । उसका लागि कमल विष्टले ३९, अब्दुर शेषले ३०, राहुल ढाडीले २४, शाह आलमले १८, आसिफ मुसलमानले १४ र आशिष नेपालले १० रन बनाए । बलिङमा साई ग्लोबलका शैलेन्द्र यादवले ३, जितेन्द्र केवटले २ तथा अनुप साहनी, सहज अर्याल, शिवकुमार गुप्ता र वासुदेव यादवले १-१ विकेट लिए । खेलमा अजय चाई 'प्लेयर अफ द म्याच' भई १ हजार २ सय रुपैयाँ नगद पुरस्कारबाट सम्मानित भए ।

# लेखा अधिकृत झलक शर्मा पौडेलसहित ५ जना विरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा

काठमाडौं । गैरकानुनी तबरले सम्पत्ति आर्जन गरी स्रोत लुकाउने उद्देश्यले शुद्धीकरण गरेको आरोपमा गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका पाँच जनाविरुद्ध मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग आयोगले मन्त्रालयका लेखा अधिकृत झलक शर्मा पौडेलसहित ५ जनाविरुद्ध सम्पत्ति शुद्धीकरण अभियोगमा सोमबार मुद्दा दायर गरेको हो ।

पौडेलले गैरकानुनी तबरले आर्जन गरेको सम्पत्तिमध्ये २ करोड ५८ लाख ६७ हजार ३२४ रुपैयाँ ५३ पैसा बराबरको सम्पत्तिको स्रोत लुकाउने उद्देश्यले सम्पत्ति शुद्धीकरण गरेको अख्तियारको दाबी छ ।

गैरकानुनी रूपमा आर्जन गरिएको सम्पत्तिको स्रोत लुकाउने, छल्ने तथा स्वामित्व परिवर्तन गर्ने कार्यमा पौडेलसहित उनको परिवार संलग्न रहेको अख्तियारकोले उल्लेख गरेको छ ।



अख्तियारले अनुसन्धानबाट बैंक तथा वित्तीय संस्थामार्फत जटिल आर्थिक कारोबार सञ्चालन गरेको पुष्टि भएको दाबी गरेको छ । अख्तियारले सम्पत्ति शुद्धीकरणको रकम बराबर बिगो कायम गरी कैद तथा जरिवाना गर्न माग गरेको छ । अख्तियारले एक करोड ७० लाख १३ हजार ५० रुपैयाँ ७७ पैसा जफत गर्नसमेत अदालत समक्ष माग गरेको छ । पौडेलविरुद्ध यसअघि पनि ६ करोड २६ लाखभन्दा बढी गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहेको छ ।

# शनिबार–आइतबार बिदा दिने निर्णय वैज्ञानिक छ, स्थायी रूपमै लागु गरौं : डा. बाबुराम भट्टराई

काठमाडौं- पूर्व प्रधानमन्त्री ले शनिबार र आइतबार बिदा दिने सरकारको निर्णयको समर्थन गरेका छन् । सरकारले पेट्रोलियम पदार्थको अभावलाई हेरेर आजको मन्त्रिपरिषद् बैठकबाट हप्तामा दुई दिन(शनिबार र आइतबार) सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

सरकारको उक्त निर्णयपछि फेसबुकमा टिप्पणी गर्दै भट्टराईले त्यो निर्णय वैज्ञानिक रहेको तर्क गर्दै स्थायी रूपमै लागु गर्न उपयुक्त हुने बताएका हुन् ।

'कार्यालय समय ९-५ बजे र शनिवार-आइतबार बिदा गर्ने वर्तमान सरकारी निर्णय सही र वैज्ञानिक छ,' भट्टराईले लेखेका छन्, 'यसलाई तत्काल पेट्रोलियम



पदार्थको अभावको कारण अस्थायी रूपमा लागु गर्ने मात्र होइन सार्वजनिक वार्षिक बिदा र क्यालेन्डर (पात्रो)मा समेत समयानुकूल सुधार गरी स्थायी रूपमा नै लागु गर्नं सबै हिसाबले राम्रो र उपयोगी हुन्छ ।'

आफ्नो पालाको मन्त्रिपरिषद्ले यसबारे निर्णय गरेको उल्लेख गर्दै उनले विविध कारणले लागु नगरिएको बताएका छन् । 'पछिल्ला सरकार हरूले रद्दीको टोकरीमा फालेको यो विषयलाई अझै आवश्यक परिमार्जन गरेर वर्तमान सरकारले लागु गरोस्,' उनले भनेका छन् ।

दैनिक कार्य समय बढाएर हप्ताको दुई दिन बिदा दिँदा कुल कार्य समय कम होइन, झन् बढी हुने उनले बताएका छन् । 'यसले कर्मचारी/श्रमिकको कार्यदक्षता बढ्छ, पारिवारिक सुख-शान्ति बढ्छ, इन्धनको बचत हुन्छ, स्वच्छ पर्यावरण निर्माणमा मद्दत पुग्छ,' उनले अगाडि भनेका छन्, 'आन्तरिक पर्यटन वृद्धि हुन्छ ।' आइतबारको बिदाले अन्तर्राष्ट्रिय कार्य समयसँग व्यावसायिक तालमेल गर्न सजिलो हुने पनि उनको तर्क छ । यसले सबै हिसाबले देश र समाजलाई फायदा हुने भट्टराईको दाबी छ ।

# अपराधी र तस्करलाई कानुनले ठोक्ने हो : आईजीपी अर्याल



धनगढी- सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक(आईजीपी) राजु अर्यालले सीमा क्षेत्रमा हुने अपराध, तस्करी र सुरक्षाकर्मीमाथिको आक्रमणप्रति शून्य सहनशीलता अपनाउन निर्देशन दिएका छन् ।

कैलालीको अत्तरियामा आइतबार आयोजित सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ वैद्यनाथ बाहिनीको २५औं स्थापना दिवसमा सम्बोधन गर्दै आईजीपी अर्यालले अपराध तथा चोरी, तस्करीमा संलग्न कुनै पनि व्यक्तिलाई कारवाहीको दायरामा ल्याउनुपर्ने बताए ।

'अपराधी र तस्करलाई माया गर्ने होइन, कानुनले ठोक्ने हो,' अर्यालले भने । कैलालीको खक्रौलामा रहेको सशस्त्र प्रहरीको बीओपीभित्र प्रवेश गरेर तत्कालीन डीएसपी प्रदीप पौडेलसहितमाथि भएको आक्रमण जस्ता घटना फेरि दोहोरिन नदिनसमेत उनले निर्देशन दिएका छन् ।

उक्त घटनालाई सशस्त्र प्रहरीले गम्भीर रुपमा लिएको बताउँदै अर्यालले यस्तो अवस्थामा कानुनले बल प्रयोग गर्न नरोकेको स्पष्ट पारेका छन् भने सशस्त्रका युनिटभित्र घुसेर लुटपाट, हतियार खोस्ने वा सुरक्षाकर्मीमाथि हमला गर्नेविरुद्ध तत्काल प्रतिवाद गर्न निर्देशन दिएका छन् ।

'सीमा सुरक्षा गुल्म खक्रौलाको भित्र पसेर गैरकानुनी हर्कत भएको छ । यो कुरालाई संगठनले गम्भीर रुपमा हेरेको छ,' अर्यालले भने, 'यस्तो अवस्थामा बल प्रयोग गर्ने कुरामा कानुनले तपाईलाई छेकेको छैन । हतियार लुट्न आउने, डाका गर्न आउनेलाई प्रतिवाद गर्ने, ज्यान तलमाथि भएपनि कानुनले छेकेको छैन ।' उनले खक्रौला जस्ता घटना फेरि दोहोरिन नदिन समेत सचेत गराएका छन भने घटनाका बेला रमिते भएर फोटो खिचेर बस्ने सशस्त्र प्रहरीलाई निलम्बन गरेर कारवाही गरिने पनि उल्लेख गरेका छन् ।

खक्रौलामा सामान बरामद गरेको विषयमा विवाद हुँदा एक समूहले गुल्मभित्रै प्रव्श गरेर गुल्मपति डीएसपी प्रदीप पौडेलसहितमाथि आक्रमण गरेको थियो । उक्त घटनापछि डीएसपीसहित घटनाका बेला गुल्ममा उपस्थित सबैलाई हेटक्वाटर तानेर छानबिन थालिएको छ । वैद्यनाथ बाहिनीको स्थापना दिवसमा आईजीपी अर्यालले २१ फागुनमा सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न भूमिका खेलेको भन्दै प्रशंसा समेत गरेका थिए ।

सशस्त्र प्रहरीको मुख्य कार्यादेशको रुपमा रहेको सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजश्व चुहावट नियन्त्रण तथा विपद् व्यवस्थापनका काममा समेत सशस्त्र प्रहरीको योगदान उल्लेखनीय रहेको अर्यालले बताए ।

गोदावरी नगरपालिका-१ मा रहेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ वैद्यनाथ बाहिनी स्थापना भएको आइतबार २५ वर्ष पूरा भएको छ । २२ चैत २०५८ मा बाहिनीको स्थापना भएको थियो ।

निमित्त बाहिनीपती सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक(एसएसपी) दिग विजय सुवेदीको अध्यक्षतामा आयोजित स्थापना दिवसको विशेष समारोहका प्रमुख अतिथि आईजीपी अर्याल थिए । स्थापना दिवसका अवसरमा बाहिनीले उत्कृष्ट कार्य गर्ने प्रदेशका विभिन्न पदमा कार्यरत सशस्त्र प्रहरीहरुलाई प्रशंसापत्रसहित सम्मान समेत गरेको छ ।

# धुलिखेल–खावा सडकमा कालोपत्रेको काम सुरु

काभ्रेपलाञ्चोक- अरनिको राजमार्ग अन्तर्गत धुलिखेल-खावा सडकमा पिच (कालोपत्रे) को काम सुरु भएको छ ।

सडक डिभिजन कार्यालय भक्तपुरका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशका अनुसार धुलिखेल चोकबाट कालोपत्रेको काम सुरु भएको हो । 'धुलिखेल-खावा ४ किलोमिटर सडकमध्ये पहिलो चरणमा २.५ किलोमिटर सडक कालोपत्रे हुनेछ भने दोश्रो चरणमा १.५ किलोमिटर कालोपत्रे हुनेछ,' योगेशले भने ।

अघिल्लो पटक २०७९ जेठ २० मा २२ महिनामा काम सक्ने गरी गौरी पार्वती निर्माण सेवाले ठेक्का पाएको थियो । सडक बनाइसक्नुपर्ने मिति सकिएको ११ महिनासम्म पनि निर्माण सम्पन्न नगरेपछि २०८१ फागुन २५ गते सडक डिभिजन कार्यालय भक्तपुरले ठेक्का रद्द गरेको थियो ।

पुरानो ठेक्का रद्द गरेर १४ महिनामा काम सक्ने गरी गत साउनमा नयाँ ठेक्का खुलाइएको थियो । नेपाल सरकारबाट ४२ करोडको श्रोत सुनिश्चित भई १४ महिनाको अवधि तोकेर नयाँ ठेक्का लगाइएको छ । यस ठेक्का अनुसार बर्खा नलाग्दै सडकमा पिचको काम सक्नेगरी सिएम एवन काली जेभीले ठेक्का पाएको थियो ।

ठेक्का पाएको सिएम एवन काली जेभीका कन्ट्याक्ट् म्यानेजर राजन योगलले तोकिएकै समय भित्र काम सकिने दावी गरे । ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र अस्फाल कालोपत्रे गर्ने उनले बताए । उक्त सडक नेपालको उत्तरी छिमेकी चीनसँगको छोटो



दुरीको नाका कोदारी लगायत सिन्धुपाल्चोक, रामेछाप, दोलखा, ओखलढुंगा लगायतका स्थानमा जान प्रयोग हुन्छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३६,
२०८२ साल चैत २४ गते मंगलबार
7 APRIL 2026, TUESDAY

# उपल्लो मुस्ताङमा हिमचितुवाको आक्रमणबाट २१ भेडाच्याङ्ग्रा मरे

मुस्ताङ । उपल्लो मुस्ताङको लोमान्थाङ-४ चुमजुङमा हिमचितुवाको आक्रमणबाट २१ भेडाच्याङ्ग्रा मरेका छन् भने आक्रमणमा परी सात भेडाच्याङ्ग्रा घाइते भएको छन् ।

राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङका अनुसार लोमान्थाङ -४ न्याम्डोका स्थानीय पशुपालक किसान घ्याचो गुरुङको लोमान्थाङ-४ चुमजुङमा रहेको च्याङ्ग्रा खोरमा गत शनिबार राति हिमचितुवाले पशुचौपयामाथि आक्रमण गरेको थियो ।

एक्याप प्रमुख उमेश पौडेलका अनुसार चितुवाको आक्रमणबाट १० च्याङ्ग्रा र ११ भेडा मरेका हुन् । खोरमा तीन सय १५ वटा भेडाच्याङ्ग्रा रहेका थिए ।

हिमचितुवाको आक्रमणबाट भेडाच्याङ्ग्रा मरेका सूचनापछि एक्याप लोमान्थाङका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय र लोमान्थाङ गाउँपालिकाका पशु प्राविधिकलगायतको टोली आइतबार बिहान घटनास्थलमा पुगेका थिए ।

एक्याप लोमान्थाङ प्रमुख पौडेलका अनुसार पीडित पशुपालकको च्याङ्ग्रा खोर ग्याबिन तारको घेराबारभित्र रहेको



अवस्थामा हिमचितुवाले आक्रमण गरी भेडाच्याङ्ग्रा क्षति पुऱ्याएको हो । हिमचितुवाको आक्रमणबाट प्रारम्भिक मूल्य मूल्याङ्कन गर्दा रु चार लाख ५५ हजार क्षति भएको जनाइएको छ ।

यसअघि गत फागुन ११ गते उपल्लो मुस्ताङको लोमान्थाङ-४ किम्लिङमा स्थानीय पशुपालक किसान मिङमर गुरुङको खोरमा हिमचितुवाले आक्रमण गर्दा नौवटा च्याङ्ग्रा मरेका थिए भने नौवटा च्याङ्ग्रा घाइते भएका थिए ।

त्यसैगरी, जिल्लाको तल्लो क्षेत्रस्थित घरपझोङ गाउँपालिका-२ मार्फामा हिमचितुवाले स्थानीय सन्तोष परियारको खोरमा दुई पटकसम्म आक्रमण गर्दा तीन दर्जन बढी च्याङ्ग्रा मरेका थिए ।

एक्याप लोमान्थाङले हिमचितुवाले भेडाच्याङ्ग्रामा क्षति पुऱ्याएको स्थानमा हिमचितुवाको निगरानी गर्न तीनवटा सिसीक्यामेरा जडान गरिएको जनाएको छ । जिल्लामा चालु आर्थिक वर्ष एक्याप लोमान्थाङ र जोमसोमले पाँचवटै पालिकाका हिमचितुवाको बासस्थान रहेको सम्भावित स्थानमा हिमचितुवा गणनाका लागि सिसीक्यामेरा जडान गरेको छ ।

जिल्लामा एक्यापले हिमचितुवा तथा अन्य वन्यजन्तुपीडित किसानलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागबाट उपलब्ध हुने वन्यजन्तुको क्षति राहत उपलब्ध गराउने गरेको एक्यापको भनाइ छ । वन्यजन्तु क्षति राहत निर्देशिकाबमोजिम क्षति भएका पशुचौपायको क्षति मूल्याङ्कन गरी पीडित पशुपालकलाई राहत उपलब्ध गराइने गरिएको छ ।

पछिल्लो समय विभागबाट वन्यजन्तु क्षति राहत उपलब्ध ढिलाइ हुने भएकाले एक्यापले आन्तरिक कोषबाटै व्यवस्था गरेर पीडित पशुपालकलाई राहत उलब्ध गराउने गरेको एक्याप प्रमुख पौडेलको भनाइ छ ।

पछिल्लो समय हिमाली जिल्ला मुस्ताङमा मानव र हिमचितुवाको द्वन्द्व बढ्दै गएको छ । हिउँचितुवाले स्थानीय पशुपालकका गोठ तथा खोरभित्र पसेर आक्रमण गर्ने र उच्च लेकको चरन क्षेत्रमा पशुचौपाया क्षति बनाउने घटना बढ्दै जान थालेको छ । हिउँचितुवाको जोखिमका कारण पशुपालक व्यवसाय नै सङ्कटमा पर्न थालेको पीडित च्याङ्ग्रापालक मिङमर गुरुङले बताए ।

यसैगरी जलवायु परिवर्तनको असरका कारण उच्च लेकमा घाँस अभाव हुँदा हिउँचितुवाको आहारा प्रजाति बैँसी झर्ने गरेकाले त्यसलाई पछ्याउँदै हिउँचितुवा बस्ती नजिक आउने गरेको पाइएको छ । पछिल्लो केही वर्षयता हिउँचितुवा मुख्य राजमार्ग सडक र बस्ती नजिक देखापर्न थालेको छ ।

# इरानद्वारा युद्धविराम प्रस्ताव अस्विकार



काठमाडौँ – इरानले ४५ दिने युद्धविरामको प्रस्ताव अस्विकार गरेको छ । यसअघि इजिप्ट, पाकिस्तान र टर्कीका मध्यस्थकर्ताहरूले दुवै देशलाई ४५ दिने युद्धविराम प्रस्तावको मस्यौदा पठाएका थिए ।

उक्त प्रस्तावमा हर्मुजको जलघाँटी खोल्ने र ४५ दिन अस्थायी युद्धविराम गर्ने उल्लेख थियो । युद्धविरामले शत्रुहरूलाई द्वन्द्वको तयारी गर्न सघाउने इरानले बताएको छ । अमेरिकाले पनि यस प्रस्तावमा स्विकृति नदिएको ह्वाइटहाउसका एक अधिकारीले सीएनएनसँग बताएका छन् ।

'हामी त्यस्तो युद्ध अन्त्यको माग गर्दैछौं । यसले यसलाई फर्कनबाट रोक्छ,' इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईलाई उद्धृत गर्दै इरानको सरकारी समाचार एजेन्सी आईआरएनएले लेखेको छ । मध्यपूर्वका दुई अधिकारीहरूले एपी समाचार एजेन्सीलाई बताएअनुसार इरानी विदेशमन्त्री अब्बास अराग्ची र अमेरिकी मध्यपूर्व दूत स्टिव विटकफमार्फत यो प्रस्ताव पठाइएको थियो ।

यद्यपि, दुवै पक्षबीचको अविश्वास र कडा अडानका कारण सहमतिको बाटो अनिश्चित देखिएको छ । केही समयअघि इरानले आर्थिक क्षतिपूर्ति र पुनः आक्रमण नगर्ने ग्यारेन्टी सुनिश्चित भएपछि मात्रै युद्ध रोक्न सकिने बताएको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार ४८ घण्टाभित्र हर्मुज जलघाँटी पुनः नखोले ऊर्जा केन्द्र र पुलमा आक्रमण गरिने चेतावनी दिएका छन् ।

# साइबर बुलिङविरुद्ध कडा कदम चाल्न एमाले महिला सांसदहरूको ध्यानाकर्षण

काठमाडौं – सामाजिक सञ्जालमार्फत बढ्दो साइबर बुलिङ र दुर्व्यवहारका घटनाप्रति चिन्ता व्यक्त गर्दै एमाले संसदीय दलका महिला सांसदहरूले नेपाल प्रहरीको साइबर ब्युरोको ध्यानाकर्षण गराएका छन् ।

उनीहरूले सामाजिक सञ्जाल तथा विभिन्न भर्चुअल प्लेटफर्महरूमार्फत विशेषगरी किशोरी र महिलामाथि बुलिङ, दुर्व्यवाहर, अपमानजक व्यवहार, घृणा, टिप्पणीहरूका कारण मानसिक उत्पीडन बढ्दै गएको उल्लेख गर्दै यस्तो समस्या नियन्त्रणका लागि तत्काल प्रभावकारी हस्तक्षेपको माग गरेका हुन् । सांसदहरूले ७ बुँदे सुझावसहित साइबर अपराध न्यूनीकरण र पीडितको सुरक्षाका लागि कडा कदम चाल्न आग्रह गरेका छन् ।

ज्ञापनपत्रमा साइबर बुलिङसम्बन्धी उजुरीहरूको छिटो र प्रभावकारी अनुसन्धान गर्न,




पीडितलाई सहज रूपमा उजुरी दिने वातावरण सिर्जना गर्न तथा मनोसामाजिक सहयोग उपलब्ध गराउन आग्रह गरिएको छ । साथै, पीडितको तत्काल सुरक्षा र न्यायको सुनिश्चितता गर्न, दोषीमाथि कडा कानुनी कारबाही सुनिश्चित गर्न र दोषीले उन्मुक्ति नपाउने सुनिश्चितता गर्न माग गरिएको छ ।

सांसदहरूले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न र किशोरी तथा महिलाको अनलाइन सुरक्षाका लागि प्रहरीको निगरानी थप प्रभावकारी बनाउनुपर्ने माग समेत गरेका छन् ।

राष्ट्रिय सभाकी सांसद रामकुमारी झाँक्रीका अनुसार सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्ममार्फत हुने साइबर बुलिङजस्तो संवेदनशील विषयमा समाजलाई गम्भीर बन्न र सम्बन्धित निकायको ध्यानाकर्षणका लागि ब्यूरोलाई आग्रह गरेको बताइन् । 'यो केवल गुनासो राख्ने र सुन्ने प्रक्रिया मात्र होइन, पीडितलाई न्याय र सुरक्षाको प्रत्याभूत छिटो गराउनु पनि हो,' झाँक्रीले भनिन्, 'म आफै पनि पछिल्ला एक दशक सबैभन्दा धेरै साइबर बुलिङमा परेको छु । चुनावका बेला झनै धेरै साइबर हमला भएको थियो । यो विषयमा पनि ध्यानाकर्षण गराउनु हो । '

साइबर ब्युरोका प्रहरी प्रवक्ता एसपी दिलीपकुमार गिरीले कार्यालयको कामप्रति चासो देखाउँदै ज्ञापनपत्रमार्फत कानुनमा भएका कमजोरी सुधार गर्न सुझाव समेत सांसदहरूले माग गरेको बताए । ज्ञापनपत्रसहित एमाले सांसद पद्मा अर्याल, राष्ट्रिय सभाकी सांसद रामकुमारी झाँक्रीसहित १८ जना उपस्थित थिए

# कार्यालय समय पालना भए/नभएबारे छड्के गर्न सतर्कता केन्द्रले खटायो टोली

काठमाडौं – सरकारको शासकीय सुधारसम्बन्धी योजनाअनुसार सार्वजनिक सेवा प्रवाह भए/नभएकाबारे छड्के गर्न राष्ट्रिय सतर्कता केन्द्रले राजधानीबाहिर टोली खटाएको छ ।

सोमबार देखि लागु भएको परिमार्जित कार्यालय समयको परिपालना र सेवा प्रवाहलाई चुस्त तुल्याउने उद्देश्यका साथ केन्द्रले काठमाडौं उपत्यकाबाहिर ९ जिल्लामा टोली खटाएको केन्द्रका प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिए ।

'आयोजनाको गतिविधि र सेवा प्रवाहमा निगरानी तथा छड्के गर्ने गरी आजैदेखि उपत्यकाबाहिर पनि केन्द्रका टोली खटिएका छन्,' उनले भने, 'केन्द्रमा प्राप्त उजुरी तथा गुनासो सम्बोधन गर्ने काम पनि तीव्र गतिमा भइरहेका छन् ।' पछिल्लो समय दैनिक सेवा प्रवाहसँग जोडेर आएका गुनासा सम्बोधन गर्न केन्द्र सक्रिय र गतिशीलताका साथ लागिरहेको छ ।

नेपाल सरकारले आजदेखि लागु हुनेगरी कार्यालय समय बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म बनाएको छ । 'सरकारको निर्णयलाई मध्यनजर गरेर सो अवधिमा समय पालना भए/नभएको, कर्मचारीले तोकिएको कार्यकक्षमा बसेर कार्यसम्पादन गरे/नगरेको, सेवाग्राहीका काम समयमा सम्बोधन भए/नभएकाबारे अनुगमन भइरहेको छ,' केन्द्रका सहसचिव भट्टले भने । कहिँकतै ढिलासुस्ती भए/नभएका बारे केन्द्रले 'फाइल ट्र्याकिङ' समेत गरिरहेको छ ।

त्यस क्रममा भ्रष्टाचार र गलत कार्य भएको पाइएमा तत्काल सुधारका लागि निर्देशन दिने र भ्रष्टाचारसम्बन्धी काम भएको भेटिए अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने काम भइरहेको उनले जानकारी दिए ।

**नीजि सञ्चारमाध्यम...**

एसोसिएसन, बिज्ञापन एजेन्सी नान, आन लगायतले बिज्ञप्ति नै जारी गरेर वर्तमान सरकार गठन हुन नपाउदै नवा तानाशाहको चरित्र प्रर्दशन गरेको भनि विरोध गरेका छन् ।

सञ्चार क्षेत्रसँग सम्बन्धित संघ, संगठनहरुले उक्त निर्णय नसच्याएमा चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएका छन् । नेपाल पत्रकार महासंघ, नेपाल पत्रकार महासंघका सवै जिल्ला समितिहरुले आन्दोलनमा जानुको विकल्प नभएको भनि देशैभरीवाट उक्त निर्णयको विरोधमा बिज्ञप्ति जारी गरिसकेका छन् । उनिहरुले भनेका पञ्चायत कालिन तानाशाही व्यावस्थामा समेत नेपालका सञ्चारमाध्मलाई अकुश लगाइएको थिएन । लोकतान्त्रिक गणतन्त्र व्यवस्थामा नीजि सञ्चारमाध्यमलाई अकुश लगाउनु भनेको नवा तानाशाहको उदय हुनु हो । यसले देशको लोकतन्त्र र मानव स्वतन्त्रको रक्षा हुन सक्दैन । त्यसैले यो निर्णय नसच्याए वर्तमान सरकारलाइ प्रत्युपादक बन्न सक्छ। बिज्ञप्तिमा भनिएको छ ।

**शाहको प्रेस विज्ञमा दाहाल...**

बहुमुखी क्याम्पसमा विगत सात वर्षदेखि पत्रकारिता अध्यापन गर्दै आएकी दाहालले पत्रकारिता, सञ्चार सिप र मौलिक नेतृत्व (अथेन्टिक लिडरसिप) नेतृत्वको प्रशिक्षक समेत हुन् ।

उनले 'कोभिड : नसोचेको, नभोगेको संकट' नामक अनुसन्धानमुलक पुस्तक पनि लेखेकी छिन् ।

**गृहमन्त्री सुधन गुरुङ...**

स्वयं गृहमन्त्रीले लिजमा लिएको भेटिएपछि उनी विवादमा तानिएका छन् ।

फेवाताल अतिक्रमित गरेर बनाइएका संरचनामा पोखरा महानगरले भत्काउन थालेपछि मन्त्री गुरुङले स्पष्टीकरण दिएका छन् । 'हामीलाई जग्गाधनीहरूले उक्त जग्गा ६५ मिटरको मापदण्डभित्र पर्दैन भनी विश्वास दिलाएका थिए । लालपुर्जामा समेत जग्गा सुरक्षित रहेको भनी देखाए । तर, पछि नगरपालिकाबाट बुझ्दा त्यो त मापदण्डभित्र पर्ने रहेछ', मन्त्री गुरुङले भनेका छन् । अतिक्रमित जग्गा भन्ने तथ्य लुकाई झुक्याई लिजमा दिंदा आफू सहित साझेदार ठगिएको गुरुङको दाबी छ ।

अतिक्रमित जग्गा आफूहरुलाई झुक्याएर लिजमा दिएको जानकारी प्राप्त हुनासाथ निर्माण कार्य र लगानी रोकेको मन्त्री गुरुङले दाबी गरे । मन्त्री गुरुङले ठगीविरुद्ध कानुनी उपचार खोज्ने बताएका छन् । 'हामीलाई पर्न गएको यो अन्याय र ठगी विरुद्ध कानुनी प्रक्रियामा अगाडि बढ्ने जानकारी गराउँदछु', गुरुङले भने ।

**ओली र लेखक...**

हुनुपर्ने बताए । त्यस्तै उनले सरकारले सार्वजनिक गरेको शासकीय सुधार सम्बन्धी कार्यसूचीमा विद्यार्थी संगठन र ट्रेड युनियनहरूमाथि प्रतिबन्ध लगाउने खारेज गर्ने निर्णय तत्काल फिर्ता लिन समेत माग गरे ।

**संसद्मा सभामुख...**

आचार्य रहेका छन् । यसैगरी, सोमबारको प्रतिनिधिसभा बैठकले प्रतिनिधिसभा नियमावलीको मस्यौदा समिति पनि गठन गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद गणेश पराजुलीको सभापतित्वमा १५ सदस्यीय समिति गठन भएको हो । समिति सदस्यहरूमा डा. ओजश्वी शेरचन, ऐन महर, खुश्बु ओली, खगेन्द्र सुनार, गजलासमिम मिश्रानी, तपेश्वर यादव, ध्रॅवराज राई, निशा डाँगी, निश्कल राई, वलावती शर्मा, मधु चौलागाईं, रेखाकुमारी यादव, यज्ञमणि न्यौपाने र सुलभ खरेल रहेका छन् । समितिको कार्यअवधि १४ दिन रहेको छ ।

**अध्यक्ष ढकाल ...**

बताउँदै उनले राष्ट्रिय अर्थतन्त्र बलियो बनाउने राज्यको दृष्टीकोण सकारात्मक हुनुपर्ने बताए ।

प्रदेश सभासँगै कोशी महासंघको नयाँ नेतृत्वका लागि वर्तमान अध्यक्ष राजेन्द्र राउत र नवीन रिजालबीच तीव्र प्रतिस्पर्धा हुँदैछ । निर्वाचन कार्यतालिका आजै मतदान हुनेछ ।

# 'मायालाई के दिऊँ म बैना' हिट भएपछि 'लालीबजार'ले ल्यायो दोस्रो गीत



काठमाडौं- आगामी बैशाख १८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'लालीबजार'को पहिलो गीत 'मायालाई के दिऊँ म बैना' दर्शकमाझ लोकप्रिय बनिसकेको छ । एक महिनामा गीतलाई युट्युबमा मात्र १ करोड भ्यूज मिलेको छ भने यसमा लाखौंको संख्यामा टिकटक, रिल्स र सर्टस् बनेका छन् । फिल्मको पहिलो गीत नै हिट भएपछि आइतवार दोस्रो गीत सार्वजनिक गरिएको छ ।

'मायालाई के दिऊँ म बैना'लाई युट्युबमा एक करोड पटक हेरिएको खुसीयालीमा निर्माण पक्षले केक काट्दै 'मिठो संसार' बोलको दोस्रो गीत सार्वजनिक गरेको हो । समीक्षा अधिकारी, दिलिजा रुवाली, अलिशा शर्मा र पूर्णिमा तामाङको स्वर रहेको यस गीतमा शब्द तथा संगीत जयन जे वाइवाको छ । गीतको लिरिकल भिडियोमा फिल्मका चल-अचल दृश्यहरू समेटिएका छन् ।

फिल्मका लेखक तथा निर्देशक यम थापाले 'मिठो संसार' गीत फिल्मको कथासँग जोडिएको बताए । यो फिल्मको महत्त्वपूर्ण गीत रहेको बताउँदै उनले भने, 'गीतमा आमा-छोरीबीचको प्रेम देखाइएको छ । छोरीप्रति आमाको माया र हुर्काउन गर्ने सङ्घर्षलाई चित्रण गरिएको छ । फिल्ममा यो गीतले कथावाचनलाई मर्मस्पर्शी बनाएको छ ।'

षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा स्वस्तिमा खड्का, समाइरा थापा, रवीन्द्रसिंह बानियाँ, मुकुन्द श्रेष्ठ, विशाल देवकोटा, अभय बराल, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । फिल्मको कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् भने म्याक्स दीपेश खत्री र रवीन्द्रसिंह बानियाँ निर्मातामा छन् ।

# पाँचौं 'नेपाल ग्रामीण चलचित्र महोत्सव' सर्लाहीमा हुने




काठमाडौं- ग्रामीण कथावस्तुमा बनेका फिल्मलाई प्रवर्द्धन गर्ने उद्देश्यले सुरू भएको 'नेपाल ग्रामीण चलचित्र महोत्सव'को पाँचौं संस्करण मधेश प्रदेशको मुटु मानिने सर्लाही जिल्लामा आयोजना हुने भएको छ । आगामी बैशाख १५ देखि १७ गतेसम्म सर्लाहीको चन्द्रनगर गाउँपालिकामा महोत्सव गरिने तय भएको आयोजक संस्था सेलिब्रेटी नेपाल प्रतिष्ठानले जनाएको छ ।


'हिमाल, पहाड, तराई, कोही छैन पराई' भन्ने मूल नारासहित यसअघि लाप्राक, गोसाईकुण्ड, भकुण्डेबेसी र रामेछापमा आयोजना भइसकेको यो महोत्सव पहिलो पटक तराईमा हुन लागेको हो । सेलिब्रेटी नेपालका अध्यक्ष रघुनाथ सापकोटाका अनुसार ग्रामीण कथा र मधेशको संस्कृतिमा केन्द्रित फिल्मलाई प्रवर्द्धन गर्न यसपटक सर्लाही जिल्लामा महोत्सव गर्न लागिएको हो ।

महोत्सवका लागि ग्रामीण कथावस्तुमा आधारित फिचर, सर्ट तथा विभिन्न भाषाभाषीका ५० भन्दा बढी फिल्मको आवेदन परेको जनाइएको छ । तीमध्ये निर्णायक मण्डलबाट छनोट भएका फिल्महरू महोत्सवमा प्रदर्शन हुनेछन् भने उत्कृष्टलाई विभिन्न विधामा अवार्ड प्रदान गरिनेछ । महोत्सवमा प्रदर्शन हुने फिल्म दर्शकले निःशुल्क हेर्न पाउनेछन् ।

नेपाली मौलिक फिल्मप्रति दर्शकको आकर्षण बढाउनु, दर्शकमा नियमित रूपमा फिल्म हेर्ने संस्कार विकास गर्नु, ग्रामीण कथामा आधारित फिल्मलाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउनु, स्थानीय भाषा, कला, संस्कृति र पर्यटनको प्रवर्द्धन गर्नु महोत्सवको उद्देश्य रहेको अध्यक्ष सापकोटाले बताए । पाँचौं संस्करणसम्म आइपुग्दा महोत्सवले आफ्नो प्रतिष्ठा उँचो बनाएको उनको दाबी छ ।

# सदस्यता नवीकरणको विवादपछि चलचित्र कलाकार संघको चुनाव स्थगित




नेपाल चलचित्र कलाकार संघ
Film Artistes Association of Nepal
Member of International Federation of Actors (FIA)

Regd. No.: 706/056/057

Mohan Niroula 9851051933 CHAIRPERSON
Rabindra Khadka 9841545550 I.P.C.
Shiva Hari Nepal 'Bairagi' 9851011215 SR. VICE CHAIRPERSON
Jayanta Prasad Regmi 9847750503 VICE CHAIRPERSON
Raj Kumar Shah 9851073387 VICE CHAIRPERSON
Sabin Shrestha 9851033375 GENERAL SECRETARY
Rameshor Burlakoti 9841227905 SECRETARY
Sunil Katuwal 9851092453 TREASURER
Pabitra Acharya 9841498965 JOINT-TREASURER

Ref. No. ०८२/८३-१०० Date : २०८२/१२/२२

विषय :- सूचना

मिति २०८२/१२/२८ गते तोकिएको साधारण सभाको वैधानिक समयसिमा भित्र निर्वाचन सम्पन्न गर्ने संघको तर्फबाट प्रमाणित मतदाता नामावली निर्वाचन समितीलाई उपलब्ध गराउँन नसकिएको कारण देखाई निर्वाचन समितीले पत्राचार गरेकोले कार्य समितीको बैठक बसी अर्को निर्णय नगरएसम्म साधारण सभा र निर्वाचन सम्बन्धी प्रक्रया स्थगित गरिएको व्यहोरा सम्पूर्ण आजिवन तथा साधारण सदस्यज्यूहरूलाई सूचित गरिन्छ ।

मोहन निरौला
अध्यक्ष

काठमाडौं- चलचित्र कलाकार संघको आन्तरिक विवादको कारण साधारण सभा र निर्वाचन स्थगित भएको छ । २८ चैतमा पूर्वनिर्धारित चुनाव रोकिएको हो ।

संघका पदाधिकारीबीच सदस्य नवीकरणको विषयलाई लिएर चर्को मतभेद भएपछि निर्वाचन प्रक्रिया नै अवरुद्ध भएको हो ।

अध्यक्ष मोहन निरौलाद्वारा हस्ताक्षरित विज्ञप्तिअनुसार, विशेष कारणवश निर्वाचनका सम्पूर्ण कार्यक्रम रोक्नुपरेको जनाइएको छ । मुख्य गरी वैधानिक समयसीमाभित्र निर्वाचन समितिलाई प्रमाणित मतदाता नामावली उपलब्ध गराउन नसकिएका कारण यो परिस्थिति सिर्जना भएको हो ।

निर्वाचन समितिले पटक-पटक ताकेता गर्दा पनि संघको कार्यसमितिले मतदाता नामावली बुझाउन नसकेपछि समितिले पत्राचार गर्दै प्रक्रिया अघि बढाउन नसकिने बताएको थियो । विवादको चुरो भने पुराना सदस्यहरूको नवीकरण र नयाँ सदस्यको वैधतासँग जोडिएको छ । संघको कार्यसमितिभित्रै कुन सदस्यलाई मतदानको अधिकार दिने र कसको नवीकरण नियमसंगत छ भन्ने विषयमा दुई धार देखिएका छन् ।

यही खिचातानीका कारण मतदाता नामावली टुङ्गो लाग्न नसकेको स्रोतको दाबी छ । अब नयाँ मिति कहिले तोकिन्छ भन्नेबारे संघले केही खुलाएको छैन ।

अध्यक्ष निरौलाका अनुसार, संघमा अहिले नवीकरण नगरेका समेत २५०० जना सदस्य छन् ।

# 'बले'लाई पाँच दिन हिरासतमा राख्न अनुमति



काठमाडौं- हास्य कलाकार सागर लम्साल (बले)लाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंले अनुमति दिएको छ । बलात्कारको आरोपमा शनिबार बूढानीलकण्ठबाट पक्राउ परेका उनलाई आइतबार दिउँसो हतकडी लगाएर सरकारी वकिल कार्यालयमा बयानका लागि उपस्थित गराएपछि म्याद थप गर्न जिल्ला प्रशासन कार्यालय पुऱ्याइएको थियो ।

शुक्रबार अमेरिका बस्ने विष्ट थरकी एक युवतीले सागरमाथि बलात्कारको आरोप लगाएकी थिइन् । त्यसकै आधारमा प्रहरीले उनलाई सोधपुछका लागि नियन्त्रणमा लिएको थियो । पीडितको तर्फबाट अहिलेसम्म आधिकारिक उजुरी भने परेको छैन । यसैले प्रहरीले उनीमाथि अभद्र व्यवहारसम्बन्धी कसुरमा मुद्दा चलाएको छ ।

राष्ट्रिय अवार्ड प्राप्त अभिनेत्री समेत रहेकी ती युवतीले सामाजिक सञ्जालमा लामो पोस्ट लेख्दै एक वर्षअघि सागरसँग अमेरिकामा भेट हुँदा आफू बस्ने अपार्टमेन्ट लैजान आग्रह गरेको र त्यहीं आफू बलात्कृत भएको दाबी गरेकी थिइन् । उनले सागरलाई फेसबुकमा मेन्सन गर्दै 'कसैको जीवन बर्बाद गरेर बाँच्दा कस्तो महसुस हुन्छ ?' भनेर प्रश्न समेत गरेकी थिइन् ।

उनले आफूलाई बलात्कार गर्ने व्यक्ति अहिले घर फर्केर खुलेआम बाँचिरहेको उल्लेख गर्दै लेखेकी थिइन्, 'आज अलिकति हिम्मत जुटाएर यो लेखें । मलाई थाहा छ- मैले न्याय पाउँदिन होला, र अब लड्ने शक्ति पनि बाँकी छैन । तर, जसले मलाई यति ठूलो अन्याय गऱ्यो, उसले त्यसको परिणाम भोग्नै पर्छ । भविष्यमा उसले अरू कसैलाई यस्तो गर्न पाउनु हुँदैन ।'

# 'राम नाम सत्य'को ट्रेलर विश्वव्यापी ट्रेन्डिङमा, दर्शकले गरे एक्सनको तारिफ




काठमाडौं- नयाँ वर्षको छेको पारेर चैत २७ गतेबाट प्रदर्शन हुन लागेको एक्सनप्रधान फिल्म 'राम नाम सत्य'को ट्रेलरले दर्शकलाई आकर्षित गर्न सफल भएको छ । बिहीबार सार्वजनिक भएको ट्रेलर विश्वव्यापी रूपमा युट्युबको ट्रेन्डिङमा पर्नले फिल्म हेर्न दर्शक अधैर्य रहेको देखाउँछ । अहिले फिल्मको ट्रेलर नेपालसहित १० वटा देशमा ट्रेन्डिङमा देखिएको छ ।

नेपालमा फिल्मतर्फको ट्रेन्डिङ चार्टको शीर्षस्थानमा रहेको ट्रेलर कतार, मलेशिया, रोमानिया, साउदी अरब, युएइ, मलेशिया, जापान, अष्ट्रेलिया र साउथ कोरियामा समेत ट्रेन्डिङको शीर्ष २० भित्र परेको छ । विश्वव्यापी रूपमा ट्रेन्डिङमा परेको ट्रेलरले युट्युबमा भ्यूज पनि लोभलाग्दो देखिएको छ । यो समाचार तयार पार्दासम्म १५ लाखभन्दा बढीले ट्रेलर हेरिसकेका छन् ।

ट्रेलरलाई युट्युबमा दर्शकीय प्रतिक्रिया पनि उत्साहजनक देखिन्छ । प्रायःले विराज भट्टको एक्सन र संवाद मन पराएका छन् भने यही फिल्मबाट डेब्यू गरेका टिकटक स्टार आयुष सिंह ठकुरीलाई लिएर दर्शकले उत्साह व्यक्त गरेका छन् । युट्युबमा सबैभन्दा धेरै प्रतिक्रिया आयुषकै नाममा आएको छ । कतिपयले उनलाई ट्रेलरमा कम 'स्पेस' दिइएकोमा असन्तुष्टि समेत जनाएका छन् ।

'राम नाम सत्य'को ट्रेलर दर्शकले रूचाइरहँदा यसमा समावेश 'धागोले बाटेको' गीत लोकप्रिय भइसकेको छ । यो गीतमा लाखौंको संख्यामा टिकटक, रिल्स र सर्टस् बनेका छन् भने युट्युबमा भ्यूज ६० लाख नाघिसकेको छ । फिल्ममा समावेश अर्को गीत 'हुम्लाको सिमी'लाई पनि दर्शकले रूचाएका छन् । यसरी हेर्दा फिल्मप्रति दर्शकमा ठूलो उत्साह देखिन्छ ।

माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा विराज भट्ट, सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, आयुषसिंह ठकुरी, सुनिल थापा, प्रशान्त ताम्राकार, खुशी कार्की, दिनेश डिसी, सुधीर श्रेष्ठ, सन्तोष सरकार लगायतको अभिनय रहेको छ । फिल्ममा उपेन्द्र शाही र स्वेता विमलीको लगानी छ भने किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार कार्यकारी निर्मातामा रहेका छन् ।

# देशदेखि विदेशसम्म 'धुरन्धर २' को दबदबा–रेकर्डमाथि रेकर्ड !

**काठमाडौं**- बलिउड फिल्म 'धुरन्धर २' ले बक्स अफिसमा ठूलो सफलता हासिल गरेको छ ।

रणवीर सिंह अभिनीत 'धुरन्धरः द रिभेन्ज'ले विश्वभर १५०० करोड भारूभन्दा बढी कमाइ गर्दै भारतीय फिल्महरूको उच्च कमाइ गर्ने सूचीमा चौथो स्थान बनाउन सफल भएको हो ।

रिपोर्टअनुसार फिल्मले प्रदर्शनको छोटो अवधिमै यो उपलब्धि हासिल गरेको हो । दर्शकबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा बलियो प्रस्तुतिका कारण फिल्मले घरेलु तथा अन्तर्राष्ट्रिय दुवै बजारमा राम्रो कमाइ गर्न सफल भएको छ ।

प्रस्तुतकर्ता जियो स्टुडिओका अनुसार भारतमा फिल्मको ग्रस बक्स



अफिस कमाइ ११३४ करोड भारू पुगेको छ भने नेट कमाइ १००० करोड क्लब नजिक पुगेको छ । विदेशमा फिल्मले ३६७ करोड भारू कमाएसँगै विश्वव्यापी ग्रस कमाइ १५०१ करोड भारू पुगेको छ ।

ग्रस कमाइ भनेको टिकट बिक्रीबाट भएको कुल आम्दानी हो भने नेट कलेक्सन भनेको करपछिको आम्दानी हो ।

'धुरन्धर २' अब विश्वव्यापी बक्स अफिसमा १५०० करोड कमाउने चौथो भारतीय फिल्म बनेको छ । त्यस्तै यो 'दंगल' पछि यो उपलब्धि हासिल गर्ने दोस्रो बलिउड फिल्म हो ।

अब विश्वव्यापी कमाइमा दंगल (२०७० करोड), बाहुबली २ (१७८८ करोड) र पुष्पा २ (१७४२ करोड) 'धुरन्धर २' भन्दा अगाडि छन् ।

आदित्य धर निर्देशित 'धुरन्धर २' ले नेपालमा समेत १२ करोड नेरूभन्दा माथिको ग्रस कमाइ गरेको छ ।

यो फिल्ममा रणवीरसहित आर माधवन, अर्जुन रामपाल, संजय दत्त, सारा अर्जुन र राकेश बेदीलगायत कलाकारहरूको अभिनय छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३६,
२०८२ साल चैत २४ गते मंगलबार
7 APRIL 2026, TUESDAY

# विदेशी नम्बर प्लेटसहित ज्यागुअर गाडी भित्र्याइएको घटना सामसुम पारिंदै

काठमाडौं- विदेशी नम्बर प्लेटमै भित्र्याइएका लक्जरी ज्यागुअर गाडीको विवादमा भन्सार प्रशासन ठोस निष्कर्षमा पुग्न असफल भएको छ ।

भन्सार विभागको निर्देशनपछि चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयले गरेको छानबिन निष्कर्षविहीन भएको हो । कार्यालयको छानबिन प्रतिवेदनमा विदेशी नम्बर प्लेटमा आयात गरिएको गाडी नयाँ वा पुरानो भन्ने नै खुलाइएको छैन ।

कार्यालयले आयातकर्ताले पेस गरेको स्पष्टीकरणलाई नै आधार मानेर गाडीको नम्बर प्लेट अस्थायी भएको भन्दै मुद्दा सामसुम पार्ने तयारी गरेको छ ।

व्यवसायी किशोर बादे श्रेष्ठले कारकब गियर्स नामक कम्पनीका नाममा दुई महिनाअघि वीरगंज भन्सार कार्यालय हुँदै भित्र्याएका विदेशी नम्बरप्लेटसहितका ६ वटा ज्यागुअर आई-पेस गाडीमध्ये ५ वटा चोभारस्थित भन्सार कार्यालय परिसरमा छन् । एउटा गाडी भने यसअघि नै यातायात व्यवस्था विभागमा दर्तासमेत भइसकेको छ ।

विदेशी नम्बर प्लेटसहितको गाडी कुटनीतिक प्रयोजनमा बाहेक आयात गर्नै पाइँदैन । अन्यथा गैरकानुनी मानिन्छ । नेपालको कानुनअनुसार विदेशमा दर्ता भएको र सेकेन्ड ह्यान्ड सवारी आयात तथा दर्ता गर्न मिल्दैन ।

विदेशी नम्बर प्लेटमा गाडी आयात गरेको समाचार बाहिरिएपछि विभागले चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत दयानन्द केसीको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । समितिको प्रतिवेदनमा गाडी नयाँ वा पुरानो कुन हो भन्ने यकिन गर्नै कठिन भएको उल्लेख छ ।

चोभारका भन्सार अधिकृत सूर्यप्रसाद काफ्लेले छानबिनबाट ज्यागुअर आई-पेस गाडी नयाँ वा पुरानो छुट्याउने प्राविधिक तथा प्रमाणिक आधार नै स्पष्ट हुन नसकेको बताए ।

'नम्बर प्लेटविना गाडी निर्यात गर्न पाइँदैन भन्ने जानकारी त्यहाँको सम्बन्धित पक्षबाट आएको छ,' भन्सार अधिकृत काफ्लेले भने ।

छानबिनका क्रममा भन्सारले विदेशी कम्पनीसँग गाडी पुरानो हो कि होइन? ज्यागुअरको गाडी निर्यात गर्ने आधिकारिक डिलर हो कि होइन? नयाँ गाडी भए किन दर्ता गरेको जस्ता प्रश्न सोधेको थियो । निर्यातकर्ता कम्पनीले नेपाली आयातकर्ता कम्पनीको पक्षमा जवाफ दिएको छ । श्रेष्ठले भित्र्याएका गाडीको नम्बर बेलायतको सवारी दर्ता प्रणालीमा कायमै रहेको पाइएको छ ।

तर निर्यात प्रयोजनका लागि अस्थायी नम्बर प्लेट दिइएको भनिए पनि गाडी नेपाल भित्रिएको दुई महिना नाघिसक्दा समेत बेलायतको सवारी दर्ता प्रणालीमा नम्बर कायम रहनुले भने आशंका गर्ने आधार दिएको छ ।

बजारमा बिक्री गर्न विदेशी नम्बर प्लेटमै भित्र्याइयो ज्यागुअर गाडी, भन्सारले कसरी छुटायो?

तर भन्सारका कर्मचारीहरु आयातकर्ताले दिएको विवरणका आधारमा गाडी जाँच पास रोक्ने पर्याप्त कानुनी आधार नभएको बताउँछन् । चोभार भन्सारले सम्पूर्ण विवरणसहितको प्रतिवेदन विभागमा बुझाइसकेको छ । 'अब विभागले गर्ने निर्णयअनुसार नै प्रक्रिया अघि बढ्छ,' काफ्लेले भने ।

तर गाडी आयातकर्ताहरुका अनुसार अस्थायी नम्बर प्लेट भनेर गाडी ल्याउनुमा कैफियत छ । पहिले भारतबाट गुडाएर गाडी ल्याउँदा अस्थाइ नम्बर प्लेट दिने गरिन्थो । अहिले कन्टेनरमा ल्याउँदा दिइँदैन ।

'जहाज वा कन्टेनरमा ल्याउने गाडीलाई अस्थायी रुपमा दर्ता गर्ने भन्ने नै हुँदैन । हामी धेरै आयातकर्ताले युरोपबाट गाडी आयात गर्छौं । तर कुनै पनि गाडीमा अस्थायी नम्बर प्लेट राख्ने गरिएको छैन,' एक आयातकर्ताले भने, 'ज्यागुअरमा चाहिं किन आवश्यक पर्‍यो? जुन कम्पनीबाट ज्यागुअर गाडी नेपालमा निर्यात गरेको भनिएको हो त्यो कम्पनी उता ग्यागुअरको आधिकारिक बिक्रेता नै छैन । नेपालमा आयात गर्ने कम्पनी पनि ज्यागुअरको आधिकारिक बिक्रेता होइन । अझ ज्यागुअर गाडीको दर्ता नम्बर अहिले पनि बेलायती प्रणालीमा हुनु भनेको गडबडी छ भन्ने पुष्टि हुनु हो ।'

कारकब गियर्स नामक कम्पनीका नाममा भित्र्याइएको ज्यागुअर गाडीको उत्पादन नै बन्द भइसकेको छ ।

# विदेशमा भुक्तानी गर्न राष्ट्र बैंकको स्वीकृति नचाहिने



काठमाडौं- सेवा आयातका लागि गरिने विदेशी मुद्राको भुक्तानीमा नेपाल राष्ट्र बैंकको मञ्जुरी अनिवार्य लिनु पर्ने व्यवस्थालाई हटाइने भएको छ । राष्ट्र बैंकले स्वीकृति दिएपछि मात्र हुने भुक्तानीको जिम्मा वाणिज्य बैंकहरुलाई दिन लागिएको हो ।

अहिले भारतबाहेकका देशबाट चलचित्र ल्याउँदा होस् या अन्य शैक्षिक कार्यक्रमका लागि भुक्तानी गर्दा होस् राष्ट्र बैंकको स्वीकृति लिएपछि मात्र भुक्तानी हुन्छ ।

'यस्ता साधारण कुराहरुका लागि राष्ट्र बैंकको जनशक्ति अनावश्यक काममा लाग्नुपर्ने अवस्था छ,' गभर्नर डा. विश्वनाथ पौडेलले बिजमाण्डूसँग भने, 'यी काम बैंकहरुबाटै हुँदा काम पनि छिटो हुने भयो ।'

सेवा आयातकर्ताले राष्ट्र बैंकले अनिवार्य गरेका कागजपत्र बोकेर बैंक गएर डलरमा भुक्तानी गर्न सक्ने छन् । राष्ट्र बैंकमा बुझाएजस्तै कागजपत्रहरु बैंकलाई पनि बुझाउनुपर्ने हुन्छ ।

फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, करदर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र वा विवरण, पछिल्लो लेखा परीक्षण विवरण, सेवा आयातको बिलबीजक बुझाउनु पर्छ । यसबाहेक सम्झौता हुने प्रकृतिको सेवा आयातको हकमा सेवा प्रदान गर्ने संस्थासँग गरेको प्रामाणिक सम्झौता पनि चाहिन्छ ।

काम सकिएपछि सटही सुविधा माग गरिएको भए त्यो पुष्टि हुने कागजपत्र, काम प्रदान गर्ने संस्थाबाट भुक्तानी प्राप्त भएको भए त्यो खुल्ने कागजपत्र वा बैंक स्टेटमेन्ट पनि चाहिन्छ ।

नियामक निकाय भएका संस्थाहरुले त्यहाँबाट पनि सिफारिस ल्याउनु पर्छ । जस्तो कुनै एयरलाइन्स कम्पनीले कुनै सेवा खरिद गर्न चाहेको हो भने त्यस सम्बन्धि सिफारिस नियामक नेपाल उड्डयन प्राधिकरणले गरिदिएको हुनु पर्छ ।

त्यसपछि सेवा आयातकर्ताले सोझै बैंकमा गएर भुक्तानी सेवा लिन सक्छ । राष्ट्र बैंकका अनुसार, केही दिनमै यस सम्बन्धि नीतिगत व्यवस्था गरिने छ ।

'आन्तरिक रुपमा सबै काम सकिएको छ । यसबाट एक चरणको ढिलासुस्ती हटेर जाने छ,' उच्च स्रोतले भन्यो, 'ग्राहकलाई पनि सहज हुन्छ र राष्ट्र बैंकलाई पनि हलुका हुन्छ ।'

घुम्न-खर्च गर्न प्रोत्साहन

युट्युब, फेसबुक लगायतका सामाजिक सञ्जालका 'कन्टेन्ट क्रियटर' ले प्राप्त गर्ने आम्दानीमध्ये आधा डलर खातामै राख्न पाउने भएका छन् ।

नेपाल राष्ट्र बैंकले कन्टेन क्रियटरहरुलाई विदेशमा घुम्न, किनमेल गर्न सजिलो होस् भनेर राष्ट्र बैंकले लचिलो नीति लिन लागेको हो ।

अहिले यसरी प्राप्त हुने आम्दानी नेपाली रुपैयाँमा सटही भएपछि मात्र उनीहरुले पाउँदै आएका छन् । अब उनीहरुले आधा आम्दानी डलर खातामै राख्न पाउने छन् ।

अहिले युट्युब, फेसबुकजस्ता प्लाटफर्ममा च्यानल तथा एकाउन्ट खोलेर 'कन्टेन्ट' बनाएर राख्दा भ्युअर्सका आधारमा आम्दानी हुन्छ । युट्युब तथा फेसबुकलगायतले कन्टेन्ट क्रियटरहरुको खातामा निश्चित अवधिमा पैसा पठाइदिन्छ ।

त्यरी पठाइएको पैसामा २०७८ को बजेटपछि १ प्रतिशत कर लाग्दै आएको छ । कर काटेको पैसा सबै नेपाली रुपैयाँमै भुक्तानी हुँदै आएको थियो । मुख्यतः कन्टेन्ट क्रियटरहरुले विदेशमा घुम्न, खर्च गर्न प्रोत्साहित गर्न खोजिएको हो । 'कमाएको पैसा खर्च गर्न पाउनु पर्छ भन्ने हो,' उच्च स्रोतले भन्यो, 'अहिले विदेशी मुद्राको सञ्चिति पनि उच्च छ । त्यसको लाभ नागरिकले पनि पाउनु पर्छ ।' ।

# धौलागिरि र अन्नपूर्ण हिमाल आरोहण गर्न ४४ जनाले अनुमति लिए



म्याग्दी । चालु वसन्त याममा धौलागिरि र अन्नपूर्ण हिमाल आरोहणका लागि ४४ जनाले अनुमति लिएका छन् । म्याग्दीको धौलागिरि गाउँपालिका-४ स्थित आठ हजार १६७ मिटर अग्लो धौलागिरि हिमाल तथा अन्नपूर्ण गाउँपालिका-४ मै रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहणका लागि उनीहरूले अनुमति लिएका हुन् ।

धौलागिरि आरोहणका लागि दुई समुहका आठ महिलासहित १७ जनाले अनुमति लिएका पर्यटन विभागले जनाएको छ । विभागले पछिल्लो पटक जारी गरेको विवरणअनुसार अन्नपूर्ण हिमाल आरोहणका लागि चार समूहका आठ महिलासहित २७ जनाले अनुमति लिएका छन् ।

धौलागिरि आरोहण अनुमतिवापत ७५ लाख ६४ हजार ६५० रुपैयाँ र अन्नपूर्णको आरोहण अनुमतिबाट एक करोड २० लाख ४९ हजार १७५ रुपैयाँ रोयल्टी प्राप्त भएको विभागका शाखा अधिकृत शर्मिला बञ्जाडेले जानकारी दिइन् । उनका अनुसार वसन्तयाममा अन्नपूर्ण धौलागिरिसहित हालसम्म १२ हिमाल आरोहण गर्न २४ समूहका १७० जनाले अनुमति लिँदा १० करोड ८७ लाख ३० हजार रुयैयाँ रोयल्टी सङ्कलन भएको छ । दैनिकजसो आरोहण अनुमति लिनेहरुको सङ्ख्या थपिँदै गएको छ ।

गत शरदयाममा धौलागिरि हिमाल आरोहणका लागि ३६ जनाले अनुमति लिएका थिए भने अन्नपूर्ण आरोहणको अनुमति कसैले पनि लिएका थिएनन् ।

गत वर्षको वसन्त याममा धौलागिरि आरोहण गर्न दुई समूहका १५ जना र अन्नपूर्ण चढ्न ६६ जनाले अनुमति लिएका थिए । अन्नपूर्ण र धौलागिरि हिमालको आधार शिविरमा आरोहीको टोली पुगेर आरोहणको तयारी थालेको छ । *-रासस*

# सात हजार बढी अनलाइन सट्टेबाजी एप र वेबसाइट बन्द

काठमाडौं- अनलाइन सट्टेबाजीसँग सम्बन्धित सात हजारभन्दा बढी एप र वेबसाइट बन्द भएका छन् ।

सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले 'इन्टरनेट' सेवा प्रदायकसँगको समन्वयमा वेबसाइट र एप बन्द गरेको हो ।

नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गर्न इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिइएको हो ।

'हालसम्म सात हजारभन्दा बढी यस्ता युआरएल र एप बन्द भएका छन् । अनलाइन सट्टेबाजीबारे पछिल्लो एक सातामा प्राधिकरणलाई टेलिफोन, इमेल, म्यासेजलगायत विभिन्न माध्यमबाट ५० भन्दा बढी गुनासा प्राप्त भएका छन्, ती सबैलाई सम्बोधन गर्दै कारबाही अघि बढाइएको छ,' उनले भने ।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ ।

सोही निर्णयअनुसार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको हो ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन पाइँदैन । त्यसको उल्लङ्घन गरेमा त्यसमा प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनेछ ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ । सो विपरीत कसुर गरेमा एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनेछ ।

सरकारले सट्टेबाजी एप तथा वेबसाइट प्रयोग तथा सञ्चालन नगर्न पुनः आग्रह गरेको छ । अनधिकृत रूपमा सञ्चालन वा प्रयोग गरेको पाइएमा कडा कारबाही हुने चेतावनी दिएको छ । साथै सरकारले शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ । रासस


## यौन हिंसाबाट बचौं र बचाऔं:

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसाग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार